## भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले:

भूमिगत जलस्रोतको पुनर्भरणका लागि:

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं।

दिगो विकासमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ६५ ★ ने. सं. ११४४ चिल्ला गा, तृतीया ★ बिहीबार ★ १५ चैत, २०८० ★ March 28, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



जोर्डनका नागरिकहरूले अम्मानमा इजरायली दूतावास अगाडि प्रदर्शन गरे, मार्च २६, २०२४ को साँझ । हजारौं प्रदर्शनकारीहरू अस्पताल र मेडिकल कम्प्लेक्सहरूमा इजरायली आक्रमणको विरोध गर्न जोर्डनको अम्मानमा इजरायली दूतावास बाहिर भेला भए । तिनीहरूले जोर्डन सरकारलाई इजरायलविरुद्ध थप कदम चाल्न आग्रह गरे । भिडले नरसंहार र प्यालेस्टिनी भूभागमा इजरायली कब्जा र स्वास्थ्यकर्मी र शरणार्थी शिविरहरूमा निरन्तर आक्रमणको विरुद्ध नारा लगाए ।

*तस्बिर : टेलेसुर*

## क्षयरोगलाई निर्मूल पार्न सम्बन्धित सरोकारवालाहरूसँग समन्वय




भक्तपुर, १४ चैत । भक्तपुर नगरपालिकाको आयोजनामा विश्व क्षयरोग दिवसको अवसरमा बुधबार अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले क्षयरोगलाई निर्मूल पार्न सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी काम गरिरहेको बताउनुभयो ।

स्वास्थ्य सेवा अत्यन्त महँगो हुँदै गएको बताउँदै उहाँले स्वास्थ्य सेवा महँगिँदै जाँदा गरिब जनता उपचारबिना मर्नुपर्ने अवस्था निम्तिरहेको बताउनुभयो ।

नेपालमा स्वास्थ्य उपचारको कारण हरेक वर्ष ५ लाख मानिसहरू गरिबीको रेखामुनि झरेको तथ्याङ्क रहेको उल्लेख गर्दै उहाँले सरकारी अस्पतालहरूमा सुधार नहुँदा बिरामीहरू निजी अस्पतालहरूमा घरखेत बेचेर स्वास्थ्य सेवा लिन बाध्य बनिरहेका छन् भन्नुभयो ।

जनतालाई सहज र सुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालनमा ल्याएको र स्थानीय जनतासँग हातेमालो गर्दै निरन्तर जनताको सेवामा अगाडि बढिरहेको बताउनुभयो ।

राज्यले स्वास्थ्यमा निजीकरणको बाटो अपनाएकै कारण गरिब जनताले सहजरूपमा स्वास्थ्य सेवा पाउन नसकेको बताउँदै उहाँले निजी अस्पतालहरू सेवाभन्दा पनि नाफा कमाउने व्यापारिक केन्द्रको रूपमा सञ्चालन भइरहेका छन् भन्नुभयो ।

*बाँकी पृष्ठ ८ मा*

## जलस्रोतको धनी नेपाल बिजुलीमा भारत निर्भर !

काठमाडौँ, १४ चैत । पञ्चायत र बहुदलका सरकारहरूले नेपाललाई भारत निर्भर बनाएको परिणाम नेपाली जनताले थप दुःख पाउँदै छन् । नेपाल विद्युत् प्राधिकरणमा दोहोऱ्याई तेहेऱ्याई कार्यकारी प्रमुखमा नियुक्ति भएका कुलमान घिसिङले नेपाललाई लोडसेडिङ मुक्त गरेको पगरी गुथ्यो । भारतले नेपाललाई बेचिरहेको ६०० मेगावाट बिजुलीबारे आनाकानी गरेपछि कार्यकारी प्रमुख घिसिङ र उनलाई नियुक्ति गरेका प्रधानमन्त्री पुष्पकमल दाहालको भ्रूट उदाङ्गिँदैछ । भारतीय प्रधानमन्त्री मोदीले निर्वाचनमा भारतीय जनताको मत लिनु परेको हुँदा नेपाललाई ६०० मेगावाट बिजुली बन्द हुने सङ्केत गरे । नेपालले भारतसँग किनिरहेको ६०० मेगावाट बिजुली प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने सम्झौता छ । यही चैत १८ गतेसम्म

*बाँकी पृष्ठ २ मा*

## आजदेखि एसईईको परीक्षा

भक्तपुर, १४ चैत । माध्यमिक शिक्षा परीक्षा (एसईई) को बिहीबारदेखि सुरु हुने भएको छ । उक्त परीक्षा चैत १५ देखि २७ गतेसम्म सञ्चालन हुनेछ ।

बोर्डका अध्यक्ष प्रा. डा. महाश्रम शर्माले परीक्षाको सम्पूर्ण तयारी पूरा भएको भन्दै प्रश्नपत्र र उत्तरपुस्तिका जिल्लाजिल्ला पुऱ्याइएको जानकारी दिनुभयो ।

"भोलिदेखि देशभर एकैसाथ सुरु हुने एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ । भयरहित भएर ढुक्कसँग परीक्षामा सहभागी हुन सबै परीक्षार्थीलाई आह्वान गर्दछु", शर्माले भन्नुभयो । उहाँका अनुसार चैत १५ गते बिहान ८ बजेबाट ११ बजेसम्म सञ्चालन हुने परीक्षा चैत २७ गते सम्पन्न हुनेछ ।

पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा हुनेछ । एसईईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न परीक्षामा खटिने केन्द्राध्यक्षलगायत जनशक्तिलाई अभिमुखीकरण गरिएको बोर्डले जनाएको छ ।

*बाँकी पृष्ठ ८ मा*

## सूचना सूचना

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**

जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२

**Prabhat English Secondary School**
Mahakalisthan, Byasi-6, Bhaktapur
Phone No: 6610438, 6617514

Vacancy Announcement

A well reputed school of Bhaktapur, run under Prabhat Public Educational Trust is seeking for qualified self motivated and career oriented professional candidate for following post.

| S.N. | Subject | Level | Req. No | Qualification |
| --- | --- | --- | --- | --- |
| 1. | Mathematics | Sec./Basic | 1/1 | Bachelor |
| 2. | सामाजिक अध्ययन | Sec./Basic | 1/1 | Bachelor |
| 3. | Computer | Basic | 1 | Bachelor |
| 4. | Bus Helper | - | 1 | Grade 8 |
| 5. | Sport Co-ordinator | – | 1 | Minimum 2 year experience |

Interested candidates having excellent command over English Language and qualified may apply with hand written application and recent CV along with pp size photograph within 21th Chaitra 2080, Wednesday.

An undertaking of Bhaktapur Municipality
**KHWOPA COLLEGE OF ENGINEERING**
*Affiliated to Tribhuvan University*

**VACANCY ANNOUNCEMENT**

Khwopa College of Engineering invites a few numbers of dynamic, qualified, and competent candidates to join and strengthen our team of professionals in the post of assistant lecturer/lecturer/senior lecturer

| Department | Subjects |
| --- | --- |
| Computer Engineering | Distributed System, Software Engineering & Object Oriented Programming |

**Qualification** :
# M.E./M.Sc. in relevant subject.
# Ph.D in related field and experienced candidates are highly preferred.

**Salary and Benefits :** As per college rules.

Interested candidates are requested to submit their applications along with CV and copies of academic qualifications to the following address or by email within **20th Chaitra, 2080 (2nd April, 2024).**

Libali, Bhaktapur | Tel.: 5122094, 5122098 | Email : info@khwopa.edu.np | Website : www.khwopa.edu.np

*Only short listed candidates will be informed for the interview.*



ललितपुर नगरपालिका-१२ स्थित पाटन दरबार क्षेत्र परिसरमा सोमबार बिहान बिक्रीका लागि राखेका सामग्री मिलाउँदै बिक्रेता।
*तस्बिर : हरिराम भेटुवाल/रासस*

# आधुनिक जीवनशैली र खानपिनले नसर्ने रोगको जोखिम बढ्दै



भक्तपुर, १४ चैत। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले धूमपान र मद्यपानले क्यान्सरजस्ता घातक रोगका बिरामीहरूको सङ्ख्या बढ्दै गइरहेको बताउँदै आधुनिक जीवनशैली र खानपानले अहिले सर्नेभन्दा नसर्ने रोगको जोखिम बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागको प्रवीणता प्रमाणपत्र तह नर्सिङ पहिलो वर्षको २० औँ ब्याचमा अध्ययनरत विद्यार्थीहरूद्वारा भक्तपुर नपा वडा नं. ९ मा गरेको समुदाय नर्सिङअन्तर्गत 'तथ्याङ्क प्रस्तुतीकरण तथा स्वास्थ्यसम्बन्धी नाटक प्रदर्शनी' मा बुधबार उहाँले महिला र पुरुषहरूलाई समान ढङ्गले व्यक्तित्व विकास गर्ने अवसरहरू प्रदान गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट प्रसूति सेवा प्रदान गरेसँगै नगरवासीहरूलाई निकै सहज भएको बताउँदै उहाँले जनतालाई सस्तो र सुलभरूपमा गुणस्तरीय स्वास्थ्य सेवा दिने प्रतिबद्धता पूरा गर्ने क्रममा काम गर्दै आइरहेको बताउनुभयो।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले भक्तपुर नपाले सञ्चालन गरेको नर्सिङ क्याम्पसबाट २० वटा ब्याचलाई नर्सिङ विषय अध्ययन गराइसकेको जानकारी गराउँदै देशको लागि दक्ष नर्स उत्पादनमा यस कलेजले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनुभयो।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागको प्रवीणता प्रमाणपत्र तह नर्सिङ पहिलो वर्षका विद्यार्थीहरूले वडा नं. ९ मा गरेको अध्ययनअनुसार सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, रोजगारी, फोहोर व्यवस्थापन, परिवार योजना, जनसङ्ख्या आदि विषय समेटेर तथ्याङ्क प्रस्तुतीकरण गरेका थिए।

कार्यक्रममा विद्यार्थीहरूले स्वास्थ्यसम्बन्धी नाटक प्रदर्शनी र सांस्कृतिक नृत्यसमेत प्रदर्शन गरेका थिए।

# 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' सञ्चालन नहुने

काठमाडौँ, १४ चैत। विद्यालय छनोटमा ढिलाइ भएका कारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यस वर्षको 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' स्थगन गर्ने निर्णय गरेको छ।

चालु आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि रु. एक अर्ब विनियोजन भएको थियो। कार्यक्रमअन्तर्गत विद्यालय छनोटमा ढिलाइ भएको र स्रोतको वितरण तथा उपयोगमा विभिन्न गुनासा आएका सन्दर्भमा शिक्षामन्त्री सुमना श्रेष्ठको उपस्थितिमा भएको बैठकले उक्त कार्यक्रम स्थगन गरी त्यसबारे अर्थ मन्त्रालयलाई जानकारी दिने निर्णय गरेको हो।

जाजरकोट भूकम्पबाट क्षतिग्रस्त विद्यालय भवन पुन:निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन हुन नसकेको तथा मुसहर, चेपाङलगायत सीमान्तकृत समुदाय रहेको स्थानमा नमुना सामुदायिक विद्यालय सञ्चालन गर्न रकम नभएको अवस्थामा अन्यत्रका विद्यालयलाई पूर्वाधार विकासको निम्ति बजेटको व्यवस्था गर्न सान्दर्भिक नहुने अभिमत प्रकट हुँदै आएको थियो। मन्त्रालयले आगामी आर्थिक वर्षमा ती क्षेत्रको शैक्षिक विकासमा ध्यान दिने शिक्षामन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ। रासस

# कर्णालीमा एसईई दिने विद्यार्थी घटे

काँक्रेविहार (सुर्खेत), १४ चैत (रासस)। बिहीबारदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा कर्णाली प्रदेशबाट सहभागी हुने विद्यार्थीको सङ्ख्या अघिल्लो वर्षको तुलनामा घटेको छ।

यस वर्ष ३५ हजार आठ सय आठजना विद्यार्थीले एसईई परीक्षामा सहभागी हुने भएका छन्। गत वर्ष ३८ हजार नौ सय ७० जना विद्यार्थीले एसईई दिएका थिए। गत वर्षको तुलनामा यो वर्ष तीन हजार एक ६२ जनाले घटेको हो।

प्रदेश शिक्षा विकास निर्देशनालयका अनुसार यो वर्ष एसईईमा सहभागी हुने परीक्षार्थीमध्ये १७ हजार छ सय २३ छात्र र १८ हजार एक सय ५८ छात्रा छन्। परीक्षाका लागि प्रदेशभर एक सय ८६ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।

जिल्लागत विवरणअनुसार सबैभन्दा धेरै सुर्खेतबाट आठ हजार तीन सय ४८ विद्यार्थीले एसईई दिँदैछन्। यहाँ ३३ वटा परीक्षा केन्द्र तोकिएको छ। रूकुम पश्चिममा २३ वटा परीक्षा केन्द्र छन् भने तीन हजार पाँच सय ९३ परीक्षार्थी छन्।

चार हजार पाँच सय ८२ परीक्षार्थी रहेको सल्यानमा २५ वटा परीक्षा केन्द्र तोकिएको छ। हिमाली जिल्लामा विद्यार्थीको सङ्ख्या निकै न्यून रहेको छ। सबैभन्दा कम डोल्पामा जम्मा सात सय ३३ विद्यार्थीले एसईई दिँदै छन्। यहाँ चार वटा मात्रै परीक्षा केन्द्र तोकिएको छ।

जाजरकोटमा २२ परीक्षा केन्द्रमा चार हजार छ सय ९४ परीक्षार्थी, दैलेखमा २५ परीक्षा केन्द्रमा पाँच हजार दुई सय ५७ परीक्षार्थीले एसईई दिँदै छन्।

हुम्लामा छवटा परीक्षा केन्द्र छन्। परीक्षार्थी एक हजार एक सय ९५ छन्। मुगुमा आठवटा परीक्षा केन्द्र र एक हजार एक सय १३ परीक्षार्थी छन्। यस्तै, २४ वटा परीक्षा केन्द्र रहेको कालीकोटमा तीन हजार सात सय ३६ परीक्षार्थी छन्।

जुम्लामा दुई हजार पाँच सय ५७ परीक्षार्थीका लागि १६ परीक्षा केन्द्र तोकिएको छ। शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक दीपा हमालले कर्णालीमा एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिनुभयो।

# विश्व रङ्गमञ्च दिवसः रङ्गमञ्चमा फर्किन नसकेका रङ्गकर्मी

काठमाडौँ, १४ चैत। आज ६३ औँ विश्व रङ्गमञ्च दिवस हो। रङ्गकर्मीले विभिन्न कार्यक्रम गरेर यो दिवस मनाउने गरेका छन्। कलाकार र दर्शकबिचको सिधा सम्पर्क र तत्काल पाइने प्रतिक्रिया रङ्गमञ्चको विशेषता हो। पछिल्लो समयमा नेपालमा पनि रङ्गकर्मी र रङ्गमञ्चप्रति लोकप्रियता बढ्दै गएको पाइएको छ।

रङ्गकर्मीका रूपमा उदाएका कलाकार अहिले चलचित्रमा सर्वाधिक खोजिने अनुहारसमेत बनेका छन्। यद्यपि, रङ्गमञ्च भने अहिले पनि अभिनय सिक्ने मञ्चका रूपमा मात्र चिनिन्छ। चलचित्रमा सशक्त अभिनय गर्नुपर्ने भूमिका हुँदा प्राय: नाटकमा अभिनय गर्ने नाटचकर्मी खोजिन्छ। कला जीवनको महत्त्वपूर्ण पक्ष हो। यसले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छ। त्यसैले समाज बदल्न कलात्मक गतिविधिको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। रङ्गमञ्चमार्फत चलचित्रमा उदाउने कलाकारको सूचीमा अनुप बराल, सौगात मल्ल, दयाहाङ राई, कार्म, विपन कार्की, खगेन्द्र लामिछाने, मेनुका प्रधान, लक्ष्मी बर्देवा, विजय बराल, रवीन्द्रसिंह बानियाँ, कमलमणि नेपाल, महेश त्रिपाठी, बुद्धि तामाङलगायत रहेका छन्।

सानो भूमिकादेखि शीर्ष भूमिकासम्म चलचित्रमा स्थापित भएका रङ्गकर्मी रङ्गमञ्चमा कमै फर्किने गरेका छन्। कलामाथि व्यापार पनि हाबी हुँदा उल्लेखित नामहरू रङ्गमञ्चसम्म आउन नसकेको आरोप लाग्ने गरेको छ।

व्यावसायिक पाटोभन्दा कला महत्त्वपूर्ण हुने भएकाले स्थापित र विस्थापितको लहर चलिरहेको रङ्गकर्मीको भनाइ छ। रङ्गकर्मी भोलाराज सापकोटाले नाटकलाई कलाले मात्र जीवित राखेको बताउनुभयो।

"रङ्गकर्म गरिरहेकालाई यसैबाट जीविकोपार्जन गर्न सहज छैन, अहिले चलचित्रमा महँगो अभिनेतामा पर्ने केहीले यहीँबाट सुरुआत नगरेका भने होइनन्, तर यो अभिनय बुझ्ने र सिक्ने मञ्चमात्र बनिरहेको छ", सापकोटाले भन्नुभयो।

आर्थिक पक्षलाई सबल बनाउन भए पनि चलचित्रमा काम गर्ने क्रम बढेको छ। रङ्गमञ्चमार्फत कलाकारिता सुरु गरेका अनुहार चलचित्रमा मात्र देखिनु दु:खद भएको अभिनेता कमलमणि नेपालले टिप्पणी गर्नुभयो।

"हामीले रङ्गमञ्चलाई भुलेको भए समय निकालेर त्यहाँ पुग्ने थिएनौँ। मञ्चमा नभएता पनि दर्शक बनेर आफ्नो प्यास मेटाइरहेका छौँ। चलचित्रमा काम गर्दा समय व्यवस्थापन गाह्रो भएको मात्र हो, रङ्गमञ्च भुल्ने कल्पना पनि गर्न सकिन्न", अभिनेता झाले भन्नुभयो।

# उपत्यकाव्यापी धिमे बाजा प्रतियोगिता तथा संस्कृति मेला आयोजना

भक्तपुर, १४ चैत। मध्यपुरथिमि बोडेमा यस वर्ष उपत्यकाव्यापी धिमे बाजा प्रतियोगिता तथा संस्कृति मेला २०८० आयोजना गरिने भएको छ। मध्यपुरथिमि नगरपालिकाको आयोजना तथा लाकुछेँ धिमे गुठी र खपला धिमे गुठीको सहकार्यमा यही चैत २६ गते बोडे दरबार (लायकु) मा प्रतियोगिता हुने भएको हो।

प्रतियोगितामा भाग लिने खल:, पुच, समूह तथा सङ्घसंस्थाले चैत २४ गतेभित्र आयोजक समितिको सचिवालय, मध्यपुरथिमि नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट फाराम भरेर सहभागिता जनाउन सक्ने छ।

प्रतियोगितामा प्रथम हुने टोलीलाई रु. ५० हजार, दोस्रो हुनेलाई रु. २५ हजार, तेस्रो हुनेलाई रु. १५ हजार र सान्त्वना पुरस्कारस्वरूप रु. १० हजार पुरस्कार र शिल्ड तथा प्रमाणपत्र प्रदान गरिने जनाइएको छ। प्रतियोगितामा सहभागी टोलीमा बढीमा पाँचजना रहने र प्रत्येक टोलीले दुई धिमे, दुई भुस्या तथा एक छुस्या वा अन्य बाजा प्रयोग गर्न पाइनेछ। प्रत्येक टोलीलाई पाच मिनेटको समय दिइनेछ।

**संस्कृति मेला**

धिमे बाजा प्रतियोगितासँगै संस्कृति मेला र तस्बिर प्रदर्शनीसमेत गरिने भएको छ। मेलामा स्थानीय रैथाने उत्पादन र खानाका परिकारको प्रवर्द्धनका लागि भक्तपुर चेम्बर अफ कमर्स, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ, मध्यपुर पर्यटन विकास समितिको संयोजनमा स्थानीय रैथाने उत्पादन र खानाका परिकार प्रदर्शनी एवं बिक्री कक्ष राखिने छ।

मेलामा मध्यपुर थिमिको मौलिक उत्पादन टिगनीको चिउरा, माटोको भाँडा बनाउनेतर्फ सेरामिक्स, मकुण्डो बनाउने विधि, बोडेका स्थानीय महिला समूहलगायतले नेवारी खानाका परिकारको कक्ष राखेर स्थानीय नेवारी परिकारको प्रवर्द्धनलगायत मेलामा स्थानीय उत्पादनका २५ कक्ष राख्ने तयारी भइरहेको बुझिएको छ।

संस्कृति मेलामा मध्यपुरथिमिको कला संस्कृति झल्कने फोटो प्रदर्शनीसमेत हुने भएको छ। कार्यक्रममा बोडेमा जिब्रो छेड्ने जात्रामा जिब्रो छेडाएका व्यक्तिलाई सम्मान गरिने भएको छ।

***जलस्रोतको...***

सम्झौता नवीकरण नभए नेपालमा चैत १९ गतेदेखि लोगसेडिङ हुनेछ। यसको मार सर्वसाधारण जनता हुनेछन्।

ऊर्जासचिव गोपाल सिग्देलले उनका भारतीय समकक्षी पंकज अग्रवाललाई फोनमार्फत बिजुली बिक्री नरोक्न आग्रह गरे। भारतीय ऊर्जा सचिव अग्रवालले चुनावको व्यस्तताको कारण निर्णय हुन नसकेको र सोलार तथा अन्य स्रोतबाट बिजुली दिनेबारे छलफल भइरहेको बताए। नेपालको जलस्रोत कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण, फुकोट कर्णाली, मुगु कर्णाली भारतलाई दिने प्रधानमन्त्री र मन्त्रीहरू नै यो स्थिति आउनुमा दोषी छन्। एमाले-माओवादीको दाहाल सरकारले काठमाडौँस्थित भारतीय दूतावासमार्फत आफ्नो चासो व्यक्त गऱ्यो। अहिले नेपालका शासक दलहरूको अवस्था 'किन रोइस् मङ्गले आफ्नै ढङ्गले' जस्तै छ।

नेपालको राजस्वले चालु खर्चमात्रै धान्ने अवस्था छ। पञ्चायती सरकारको विरोध गरी सत्तामा गएका शासक दलहरूले विकास खर्चका लागि आन्तरिक र वैदेशिक ऋण सहायता ल्याउँदै छ। शासक दलहरू नेपालमा पर्याप्त स्रोत नभएको दाबी गरी ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाउँदै छन्। नेपाली युवालाई नेपालमै रोजगारी नभएसम्म नेपाली जनताको समृद्धि सम्भव छैन। नेका, एमाले र माओवादीका नेताहरूले बोल्दैमा देश समृद्धि हुने होइन।

सरकारले आउने वैशाख १६ र १७ गते अन्तर्राष्ट्रिय लगानीकर्तालाई बोलाएर काठमाडौँमा लगानी सम्मेलन गर्दै छ। लगानी सम्मेलनको अर्थ विदेशीलाई नेपालमा शोषण गर्न बोलाउनु हो र विदेशी लगानीले नेपाललाई नवउपनिवेश बनाउनु हो। सरकारले बेलायती सहयोग नियोग (फिच) लाई कन्ट्री रेटिङ गर्न जिम्मा दिएको थियो। तर, फिचलाई प्रविधिक सहयोग गर्ने स्ट्यान्डर्ड चार्टड बैङ्कसँग कार्यक्षेत्रमा विवाद हुँदा रेटिङ कार्य भएको छैन। कन्ट्रि रेटिङले देशको राजनीतिक, आर्थिक, रणनीतिक सबै कारणले परेका समस्या देखाउने दाबी गरिएको छ। तर, समस्या उत्पादनका साधन र सेवामा मुट्ठीभरका व्यक्तिहरूको कब्जा नै हो।

विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठनले नेपालका शासकहरूलाई आफ्नो अनुकूल अर्थतन्त्रको योजना बनाउन लगाउँदै छन्। यी अन्तर्राष्ट्रिय संस्थाहरू युरोपेली र अमेरिकी साम्राज्यवादका हतियार हुन्। सरकारमा गएका नेताहरूले नेपालको सार्वजनिक ऋण २४ खर्ब रुपैयाँ पुऱ्याए भने बजेटघाटा २-३ खर्ब पुग्दै छ र व्यापारघाटा पनि १६-१७ खर्ब पुग्दै छ। शासक दलहरूले नेपालको नदीनाला भारतलाई नदिई जलविद्युत् उत्पादन गरेको भए यति धेरै व्यापार घाटा हुने थिएन। भारतले बिजुली बिक्री नगरे नेपाल पुन: अँध्यारो हुनेछ। यसकारण, सरकारले आफ्नै लगानीमा बिजुली उत्पादन गर्नु जरुरी छ।

## सङ्क्षिप्त समाचार

### दैलेखमा कार्यकर्ता भेला

दैलेख, १४ चैत । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ७ को आयोजनामा मङ्गलबार पार्टी कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले कार्यकर्ताहरूले पार्टी प्रकाशनहरू अध्ययन गरी नियमित अन्तरक्रिया चलाउनुपर्ने र प्रत्येक टोल र वडाहरूमा पार्टी सङ्गठनहरू विस्तार गर्नुपर्ने बताउनुभयो ।

शासक पार्टीहरूले कामदार जनताको हितमा काम गरिरहेका छैनन्, उहाँले भन्नुभयो । नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष नीरकबहादुर शाहीले महिला सशक्तीकरणमा जोड दिनुपर्ने बताउनुभयो ।

शिवराज जैसीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा इन्द्रप्रसाद चौलागाई, धनकुमारी शाही, शान्ति शर्मा, तिलक चौलागाईंलगायतले बोल्नुभएको थियो ।

भेलाले ममता हमालको अध्यक्षतामा नेक्रामहिला सङ्घ चामुण्डा बिन्द्रासैनी वडा नं. ७ एकाइ समिति गठन गरेको छ ।

### सुर्खेत जिल्ला सम्मेलन तयारी समिति गठन

सुर्खेत, १४ चैत । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराको आतिथ्यमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ प्रथम सुर्खेत जिल्ला सम्मेलन तयारी समिति गठन गरेको छ । हालै सम्पन्न कार्यकर्ता भेलाले नीरकबहादुर शाहीको अध्यक्षतामा जिल्ला सम्मेलन तयारी समिति गठन गरेको हो । नेक्रामजदुर सङ्घ सुर्खेतको प्रथम जिल्ला सम्मेलन वैशाख २० र २१ गते हुने र सम्मेलन सफल पार्न जिम्मेवारी बाँडफाँड भएको अध्यक्ष शाहीले जानकारी दिनुभयो ।

### कीर्तिपुरमा नगरपालिकाको २८ औँ स्थापना दिवस

काठमाडौँ, १४ चैत । कीर्तिपुर नगरपालिका स्थापना भएको २८ औँ स्थापना दिवसको अवसरमा बुधबार शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

नगरपालिकाको सभाकक्षमा भएको उक्त कार्यक्रममा उपप्रमुख शुभलक्ष्मी शाक्यले कीर्तिपुर नगरको २८ वर्ष प्रवेश गरेको समयमा पनि कीर्तिपुर नगरको लक्ष्य निर्धारण गर्न नसकेको महसुस भएको बताउनुभयो ।

नगरलाई कुन बाटोमा लग्ने भन्ने तय गर्न नसकेकोले काठमाडौँको अन्य नगरपालिकाको तुलनामा सुस्तगतिमा अगाडि बढेको आफूलाई अनुभव हुन्छ, उहाँले भन्नुभयो ।

उपप्रमुख शाक्यले नगरपालिकाको जनप्रतिनिधिको दुई वर्षमा शिक्षा क्षेत्रमा एक घर एक स्नातक अभियान, स्वास्थ्यमा कीर्तिपुर अस्पतालमा ५० प्रतिशत छुटको व्यवस्था, बालमैत्री वडा स्थापना जारी रहेको सकारात्मक रहेको बताउनुभयो ।

कार्यक्रममा नगरपालिकाका कर्मचारी प्रतिनिधि सुजीन्द्र श्रेष्ठ, वडाध्यक्ष नरेश श्रेष्ठ, सल्लाहकार प्रा.डा. रामकृष्ण महर्जन, विजयप्रकाश महर्जनलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा कीर्तिपुर क्षेत्रका सामुदायिक विद्यालय, संस्थागत र सार्वजनिक शैक्षिक गुठीका विद्यालयका उत्कृष्ट जीपीए ल्याउने विद्यार्थीहरूलाई सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको थियो ।

### चार 'लेन'को महाकाली पुल निर्माणको अन्तिम चरणमा

महेन्द्रनगर (कञ्चनपुर), १४ चैत (रासस) । महाकाली नदीमा निर्माणाधीन चार 'लेन'को पुलको काम पाँच महिनापछि पुनः सञ्चालन भएको छ । निर्माण कम्पनीले बाँकी काम छ महिनाभित्र सक्नेगरी सुरु गरेको जनाइएको छ ।

विसं २०७४ मा निर्माण सुरु भएको चार लेनको पक्की पुलसँगै आठ दशमलव ६ किलोमिटर ६ लेन सडक निर्माणको ९० दशमलव १९ प्रतिशत वित्तीय प्रगति भइसकेको छ । निर्माण कम्पनी कुमार-सीएफइसी जेभीका इन्जिनियर किशोरराज पाण्डेयले गत वर्षको काम गरेबापत रु. आठ करोड ५० लाख रकम हालै कम्पनीलाई प्राप्त भएको जानकारी दिनुभयो ।

इन्जिनियर पाण्डेयले पुलसँगै निर्माण हुने पोखरीको तटबन्ध डिजाइन स्वीकृत भएर 'भेरिएसन'का लागि सडक विभागमा पुऱ्याउने प्रक्रियामा रहेको जानकारी दिनुभयो । "भेरिएसनका कारण अझै रु. १५ करोड बक्यौता छ", उहाँले भन्नुभयो । उहाँले आठ दशमलव ६ किलोमिटर ६ लेनको पहुँचमार्गमध्ये एक हजार पाँच सय मिटर सडक कालोपत्र गर्न बाँकी रहेको बताउनुभयो । "रकम अभावलगायतका कारण नभए ६ महिनाभित्र पुलको सबै काम सकिन्छ", इन्जिनियर पाण्डेयले भन्नुभयो । पुलको लागत रु. तीन अर्ब ६६ करोड हो ।

पुलको दुवैतर्फ बाँध बाँधेर पर्यटकीयस्थल हुने गरी पोखरी निर्माण गरिएको छ । पुलको उत्तरतर्फ एक वर्गकिलोमिटरभन्दा ठुला दुईवटा पोखरी र दक्षिणतर्फ शून्य दशमलव तीन वर्गकिलोमिटरका दुईवटा पोखरी निर्माण भएका छन् ।

### मुक्तकम्लरीले सञ्चालन गरेको सहकारीलाई आर्थिक सहयोग

तुलसीपुर (दाङ), १४ चैत । मुक्तकम्लरीले सञ्चालन गरेको दाङ तुलसीपुर-१८ स्थित गन्यारी कृषि सहकारी संस्थालाई कुखुरापालन गर्न पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रले रु. एक लाख २६ हजार प्रदान गरेको छ ।

कम्लरी मुक्त भएपछि उनीहरूलाई आर्थिकरूपमा सक्षम बनाउनुपर्ने भन्दै उक्त सहकारीलाई सहयोग गरिएको केन्द्रका अध्यक्ष डिल्ली रावतले बताउनुभयो । उहाँका अनुसार पाँच सय बढी महिला उक्त सहकारीमा आबद्ध छन् । सोही सहकारीले यसअघि रैथाने सिमठारो धान पनि उत्पादन गरेको थियो । जग्गा भाडामा लिएर विभिन्न तरकारी खेती गर्दै आएको संस्थाका अध्यक्ष लक्ष्मी चौधरीले बताउनुभयो । रकम हस्तान्तरण गर्दै लुम्बिनी प्रदेशका निवर्तमान पूर्वअर्थमन्त्री तथा प्रदेशसभा सदस्य धनबहादुर मास्कीले मुक्तकम्लरीहरूलाई आत्मनिर्भर बनाउन सहयोग गरेकोमा केन्द्रको सराहना गर्नुभयो ।



दाङको घोराही उपमहानगरपालिका-१४ स्थित लखन पार्क र आसपासको दृश्य ।

*तस्बिर :कुलदीप न्यौपाने / रासस*

## वीरगञ्ज चिनी उद्योग पुनःसञ्चालन हुने आशामा पर्साका स्थानीय

वीरगञ्ज (पर्सा), १४ चैत ( रासस) । लामो समयदेखि बन्द रहेको वीरगञ्ज चिनी उद्योग शीघ्र सञ्चालन हुने आशामा स्थानीयवासी छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले हालै चिनी कारखाना शीघ्र सञ्चालन गर्ने तयारीमा सरकार रहेको बताएपछि स्थानीयवासी हर्षित हुँदै त्यसको व्यग्र प्रतीक्षा गरेका हुन् । केही दिनअघि चिनी कारखानाको स्थलगत अवलोकन गर्न आएको सङ्घीय संसदीय टोलीले पनि कारखाना पुनःसञ्चालन गर्न सकिने निष्कर्ष निकालेको थियो ।

संसदीय टोलीको निष्कर्षपछि स्थानीयमा रुग्ण उद्योग पुनःसञ्चालन हुने आशा जाग्नु सामान्य भएको वीरगञ्जका व्यापारी कृष्णकुमार कानु बताउनुहुन्छ । "लामो समयदेखि बन्द कारखाना पुनःसञ्चालन हुन्छ भन्ने लागेको थिएन तर सरकार प्रमुखको पछिल्लो घोषणा र संसदीय टोलीको निष्कर्षबाट चिनी कारखाना सञ्चालन हुनसक्छ भन्ने आशा हामीमा पलाएको छ," उहाँले भन्नुभयो । चिनी कारखाना सञ्चालनपछि स्वदेशी चिनीको आपूर्तिमा सहजता र रोजगारी सिर्जनामा मद्दत पुग्ने उहाँले बताउनुभयो ।

तत्कालीन सोभियत सङ्घको आर्थिक एवं प्राविधिक सहयोगमा २०२१ साल माघदेखि सञ्चालनमा आएको वीरगञ्ज चिनी कारखानाले कुनै बेला देशभर चिनीको मागलाई धान्ने गरेको थियो । राज्यको पनि लगानी रहेको उक्त चिनी उद्योग पुनःसञ्चालनमा ल्याउन सकिए मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले बताउनुभयो ।

"चिनी कारखानालाई पूर्ण क्षमतामा चलाउन सकेमा देशलाई आवश्यक पर्ने चिनी उत्पादन गर्न सकिने अवस्था छ", अध्यक्ष अग्रवालले भन्नुभयो ।

"हाम्रो देशका लागि चिनी उद्योगभन्दा उपयुक्त उद्योग कुनै छैन, यसले सहरको पैसा गाउँमा लैजान्छ, गाउँका किसानलाई नगद पैसा दिन्छ," वीरगञ्ज चिनी उद्योग सञ्चालक समितिका पूर्वअध्यक्ष हरि गौतमले भन्नुभयो ।

हालै वीरगञ्ज चिनी कारखानाको स्थलगत अवलोकन गरेको प्रतिनिधिसभा, उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको चिनी उद्योग तथा उखु किसानको समस्या समाधान र सुझाव उपसमितिले कारखाना पुनःसञ्चालन गर्न सकिने जनाएको थियो ।

उपसमितिका संयोजक तथा बारा-४ का प्रतिनिधिसभा सदस्य किसान श्रेष्ठले भन्नुभयो, "विसं २०५९ देखि बन्द चिनी उद्योगको अवस्था हेर्दा फ्याक्ट्रीभित्र मेसिन छैन, चलाउनै सकिँदैन भनेर फैलाइएको प्रचार असत्य भएको हामीले पायौँ ।"

चिनी कारखानासँग जोडिएका प्राविधिक विज्ञ, अनुभवी साथीहरूसँग सल्लाह गरेर यो कारखानालाई कसरी सञ्चालन गर्न सकिन्छ भन्नेबारेमा छलफल गरेर अगाडि बढ्ने उहाँले बताउनुभयो । चिनी उद्योग तथा उखु किसानका समस्या समाधान र सुझाव उपसमितिले रुग्ण चिनी उद्योग पुनःसञ्चालन गर्न सरकारलाई सुझाएको सांसद श्रेष्ठले बताउनुभयो ।

करिब २० वर्षदेखि चिनी कारखाना बन्द भएपछि कारखानाका नाममा रहेको अधिकांश जग्गा अतिक्रमणको चपेटामा छ भने गोदामघर जीर्ण र मेसिनमा खिया लागेको छ । कारखाना परिसर घारीमा परिणत भएको छ । सुरुमा वार्षिक ९० हजार क्विन्टल चिनी उत्पादन गरेको सो उद्योगले पर्सा, बारा र रौतहटका किसान उखुखेतीमा जोडिएपछि आधुनिक मेसिन जडान गरेर वार्षिक एक लाख ३५ हजार क्विन्टल चिनी उत्पादन गर्दै आएको थियो ।

## परम्परागत सीप सिकाउँदै ज्येष्ठ नागरिक

धुलिखेल, १४ चैत । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका - ७ का ९२ वर्षीया गणेशमाया देउला एक हप्तादेखि नयाँ पुस्तालाई निगालोबाट बन्ने घरेलु सामग्री बनाउने सीप सिकाइरहनुभएको छ । नेवार समुदायमा रहेका कामका लागि आवश्यक पर्ने विभिन्न सामग्री बुन्ने व्यक्ति र सीप नै लोप हुने अवस्थामा पुगेका बेला यहाँका वृद्धाले नयाँ पुस्तालाई उक्त सीप हस्तान्तरण गर्ने काम गर्नुभएको हो ।

महिलाले सीप सिक्ने इच्छा व्यक्त गरेपछि आफूले जानेको कुरालाई सिकाउने काम गरेको उहाँले बताउनुभयो । "सिक्न मन लागेको भनेर मन गरेपछि मिम्चा, ढकिचा, पिचा, खैंचा, कलालीलगायत सामग्री बुन्ने सीप सिकाइरहेको छु," उहाँले भन्नुभयो, "सिक्ने भनेर इच्छा व्यक्त गर्नेहरूलाई जानेको सीप दिएको हुँ ।"

सुरूमा सिकाउँदा अप्ठ्यारो मानेर सिकेकाहरूको बिस्तारै अलिअलि हात बस्दै गएको उहाँले बताउनुभयो । त्यसरी सीप सिक्न चाहनेका लागि उहाँसँगै ८६ वर्षीया आशामाया देउला र ८५ वर्षीया दिलमाया देउलाले सिकाइरहनुभएको छ ।

पनौती-७ का ललिता नापितले आमाहरूपछि परम्परागत सीप नै हराएर जाने अवस्था भएकोले चोया काट्ने र बुन्ने सीप सिक्न थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो हाम्रो नेवार समुदायका बालबालिकाको बेलविवाह गर्ने, व्रतबन्ध गर्ने र पूजा गर्ने बेलामा सामग्री राख्नका लागि नभई हुँदैन, यसको आवश्यकता पूरा गर्न अब आफैँ बुन्नसक्ने भएकी छु ।"

परम्परागत सीप हस्तान्तरणका लागि पनौती पर्यटन विकास केन्द्रले तालिमको आयोजना गरेपछि यहाँका महिलाले सो अवसर पाएका हुन् । एकातिर जन्मदेखि मरणसम्म आवश्यक गर्ने सामग्री बनाउने सीप सिक्न पाउनु र अर्कोतिर सजावट तथा कलात्मक सामग्री बनाउने तालिम लिन पाउनु खुसीको कुरा भएको सहभागीको भनाइ छ ।

नेवार समुदायमा जन्मेदेखि नमरूञ्जेलसम्मका लागि आवश्यक पर्ने निगालाका सामग्री बनाउन जान्ने व्यक्तिको पनि अभाव बन्दै जानु र आवश्यक परेका बेलामा बजारमा तत्काल किन्नका लागि पनि खोज्दै हिँड्नुपर्ने अवस्था आएका बेला नयाँ पुस्तालाई उत्पादन गर्ने सीप प्रदान गर्न तालिम आयोजना गरेको पनौती पर्यटन विकास केन्द्रका अध्यक्ष पुरूषोत्तम कर्माचार्यले बताउनुभयो ।

"नेवार समुदायको बेल विवाह, व्रतबन्ध, विभिन्न जात्रा, पूजाआजा र अन्य विभिन्न कार्यमा आवश्यक पर्ने सामग्री बनाउने सीप नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि तालिमको आयोजना गरेको हो", उहाँले भन्नुभयो ।

सीप सिकाइसँगै त्यसले परम्परा धान्ने, सीप हस्तान्तरण हुने र आम्दानीसमेत गर्न सकिने भएकाले पनि तालिमको आयोजना गरेको उहाँको भनाइ छ । तालिमबाट सिकेको सीपमार्फत उत्पादन हुने सामग्री पर्यटन विकास केन्द्रले खरिद गर्ने र त्यहीबाट बिक्री गर्ने योजनामा विकास केन्द्र रहेको छ ।

## त्रिभुवन विमानस्थलबाट १५ किलो चरेस बरामद

काठमाडौँ, १४ चैत । प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागूऔषध १५ किलो ग्राम चरेस बरामद गरेको छ । विदेश लैजाँदै गरेको सो चरेस मङ्गलबार बरामद गरेर आज सार्वजनिक गरिएको हो ।

विमानस्थल भन्सार कार्यालयको एक्स-रे मेसिनबाट प्रहरीले कार्गो चेक जाँच गर्ने क्रममा कतार एयरबाट दोहा हुँदै लन्डन लैजान लागिएको एआरए एमइएक्स कुरियरको १८ वटा फोटो फ्रेमभित्र लुकाई-छिपाई ल्याइएको अवस्थामा उक्त परिमाणको पदार्थ मङ्गलबार फेला पारी बरामद गरिएको केन्द्रीय प्रहरी प्रवक्ता भीमप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार बरामद गरिएको उक्त पदार्थको थप आवश्यक अनुसन्धानका लागि नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर पठाइएको छ । रासस

।  सम्पादकीय ।

# के सरकारले कालापानीमा रहेको भारतीय सेना फर्काउँछ ?

पाँच राजनीतिक दलद्वारा गठित नयाँ समीकरणमा बनेको सरकारले सार्वजनिक गरेको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पमा नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षालाई केन्द्रबिन्दुमा राख्ने व्यहोरा पनि उल्लेख छ। नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डता जोगाउने कुरा प्रत्येक नागरिकको दायित्व हो। यो संवैधानिक व्यवस्थाभित्रै पर्छ। यसलाई नयाँ सरकारको साझा प्रतिबद्धता भनिरहनुपर्ने जरुरी छैन। बरु सरकारले लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायतका नेपाली भूमि फिर्ता लिन पहल गर्नुपर्ने हो। कूटनीतिक प्रयास अगाडि बढाउने भनेर सत्तासीन दलका नेताहरू मौन बस्ने होइन। नेपालको भूमि नेपालको बनाउन नसक्ने या पहल नगर्ने शासकहरूले प्रतिबद्धतामात्र जनाएर पुग्दैन, साझा सङ्कल्पलाई देखाउने दाँत बनाउनु हुँदैन।

विदेश सम्बन्ध सञ्चालनमा सार्वभौम समानता, पारस्परिक हित र सम्मानलाई केन्द्रबिन्दुमा राख्ने हो भने सरकारले १९५० मा भएको सन्धि र एमसीसी सम्झौता तत्कालै खारेज गर्नुपर्छ। मित्र राष्ट्रसँग सन्तुलित र विश्वसनीय वातावरण तयार गर्नुपर्छ भनेर देशघाती जनविरोधी सम्झौता गर्ने काम कुनै पनि नेपालीलाई सह्य हुनेछैन। नेपाली भूमि फिर्ता लिन कूटनीतिक प्रयास गर्ने कुरा हरेक पटक गठन भएको सरकारले उठाउँथ्यो। तर, काम हुँदैन। के यो नयाँ सरकारले भारतले मिचेको सुस्ता फिर्ता लिन्छ ? कालापानीमा रहेको भारतीय सेना फर्काउँछ ? अन्य मिचिएका, अतिक्रमण भएका जग्गा यो सरकारको कार्यकालमा फिर्ता हुन्छ ? यदि यी सबै यो सरकारले पूरा गर्छ भने राम्रो मान्नुपर्छ। यसले नेपाल र नेपालीकै भलो गर्छ। सरकारको कमजोरी भनेकै प्रतिबद्धताअनुसार काम नगर्नु हो या काम गर्न नपाउँदै सत्ता ढल्नु हो। नेपालको हित संरक्षण र प्रवर्द्धन हुने गरी विद्यमान सन्धि सम्झौता पुनरावलोकन गर्ने र आवश्यकताअनुसार नयाँ सम्झौता गर्ने पनि नयाँ कुरा होइन। नेपाल र नेपालीको अहितमा भएका सन्धि सम्झौता पुनरावलोकन गरेर सुधार्नुको सट्टा बरु नयाँ नयाँ सन्धि सम्झौता गरेर फेरि देशघाती निर्णय या सन्धि सम्झौता गर्ला भन्ने चिन्ता नेपाली जनतालाई छ।

पञ्चशील सिद्धान्त र असंलग्न परराष्ट्र नीति नेपालको पहिलेदेखिको मान्यता हो। यस मान्यतालाई सरकारले बेवास्ता मात्र होइन उल्लङ्घन गरेको छ। ठुला शक्ति राष्ट्रहरूको दबाब या प्रभावमा या नेपाल सरकार विदेशीसामु झुकेर असंलग्न परराष्ट्र नीतिको ठाडो उल्लङ्घन गरेको छ। नेपाल सरकारले कसैको दबाबमा कुनै देशको समर्थन र विरोध गर्नु हुँदैनथ्यो। तर, नेपाल सरकारले रुसको विरोधमा युक्रेनको पक्ष लियो। एउटा देशलाई खुसी पार्न संसारका अरु मुलुकको विरोध खेप्नुपर्ने काम नेपाल सरकारले गऱ्यो। यसले कसरी संसारका अन्य देशहरूसँग मित्रता बढ्छ र विश्वास बढ्छ ? विदेशी शक्ति राष्ट्रहरूको उठबसमा परेको कारण नेपालका शासकहरूले नीति नियम तोड्ने काम गरे। नेपालको सार्वभौमसत्ता र स्वाधीनतामा आँच पुऱ्याउने काम गर्न पनि शासकहरू पछि परेनन्। राष्ट्रिय सुरक्षातर्फ पनि सरकारको ध्यान गएको देखिँदैन। अमेरिकी सेना भित्र्याउने, अमेरिकी सेना नेपाली सेनाको फौजमा पुग्ने या तालिमको नाउँमा गोप्य कुरा थाहा दिने अवसर सरकारले प्रदान गरिरहेको छ। नागरिकता वितरणको कार्यलाई सहज बनाउने भन्दै विदेशी नागरिकलाई पनि वंशजको आधारमा नेपाली नागरिकता दिएर नेपालीलाई अल्पमत पार्ने काम सरकारले गरिरहेको छ। 'नेपाल नरहने', 'तराई टुक्राउने' र राजधानीमा 'नाकाबन्दी' गर्ने भनी धम्की दिन पछि नपर्ने भारत समर्थक दल र दलका नेताहरू भएको यो देशमा भारतीय नागरिकहरूलाई नेपाली नागरिकता दिने ढोका खोल्ने काम सरकारले गरेको छ। यसले नेपाल र नेपालीलाई दूरगामी असर पुऱ्याउनेछ। यो नेपाल र नेपालीको लागि खतराको सङ्केत हो।

# शिक्षामन्त्री सुमना श्रेष्ठलाई खुला पत्र

***माननीय शिक्षामन्त्रीज्यू,***
***मिठो सम्झना !***

तपाईं अहिले अत्यन्त व्यस्त होला भन्ने मलाई थाहा छ। भौतिकरूपमा तपाईंसँग भेटघाट गरी छलफल गर्न नपाए पनि शिक्षाको विषयमा एक मित्रको हैसियतले एउटा पत्र लेख्दै छु। यसलाई एक सचेत नागरिकको सुझावको रूपमा ग्रहन गर्ने आशा गर्दछु।

२०८० साल फागुन २१ गते नेपालको राजनीतिमा प्रधानमन्त्री प्रचण्डको शब्दमा 'उथलपुथल' भयो। ९ महिनाअघि मात्रै नेकासँग बनेको गठबन्धन भत्केर एमालेसँग नयाँ गठबन्धन सरकार बनाउने सहमति भयो। त्यसमा रास्वपाको सभापतिको हस्ताक्षर देख्दा मलाई आश्चर्य लाग्यो। वैकल्पिक शक्तिको रूपमा उदय भएको रास्वपाले २०८४ सालसम्म कसैसँग गठबन्धन नगर्ने वाचा गरेको थियो। अझ रास्वपाका सभापति रवि लामिछानेले त आफ्नो व्यक्तिगत एकाउन्टमा 'नेका, एमाले र माओवादी सबै मिलून्। हामी २०८४ अघि कसैसँग मिल्दैनौं' सम्म लेखेका थिए। सहमति पत्रमा भएको हस्ताक्षरले रास्वपा आफ्नो अडानमा एक वर्ष पनि टिक्न नसकेको देखियो, होइन र ? नेका, एमाले र माओवादीसँगै रास्वपा पनि पदको निम्ति 'कुकुरझगडा' मा फस्यो। के यो विश्वासघात होइन ? अबका दिनमा जनताले यस्ता कैयौं दृश्यहरू देख्नुपर्ने छन्। त्यो त भविष्यले देखाउने नै छ। तपाईंलाई सम्झाउनमात्रै यहाँ यति कुरा उल्लेख गरेको हुँ।

***मन्त्रीजी,***

नयाँ मन्त्रिमण्डलको तपाईं शिक्षामन्त्री हुनुभयो। खुसी लाग्यो। तपाईंले राजा महाराजा (धनी वर्ग) का सन्तानले मात्रै पढ्ने बुढानीलकण्ठजस्तो अति सुविधा सम्पन्न स्कूलमा पढ्ने अवसर पाउनुभयो। अमेरिकाजस्तो संसार लुटेर धनी भएका देशको ब्रिनमार कलेज र ह्याभर फर्ड कलेजबाट अर्थशास्त्र र गणितमा स्नातक र अमेरिकाकै मासाचुसट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमइटी) स्लोन स्कूल अफ म्यानेजमेन्टबाट स्नातकोत्तर गर्नुभयो। यस्ता सुविधा सम्पन्न विद्यालय र कलेजहरूमा अध्ययन गर्न पाउने विरलै नेपालीहरूमध्ये तपाईं एक हुनुहुन्छ।

तपाईंलाई राम्रै थाहा छ, नेपालका सबै शिक्षालयहरू तपाईंले अध्ययन गर्नुभएको जस्तो सुविधा सम्पन्न छैनन्। तपाईं यस्तो देशको शिक्षामन्त्री हुनुभएको छ जहाँ कैयौं विद्यालयहरूमा परीक्षा दिने बेलासम्म विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्दैन, विषय शिक्षक हुँदैन, एकै जना शिक्षकले विभिन्न विषय पढाउनुपर्ने बाध्यता छ र नाम मात्रको भौतिक पूर्वाधार छ। तापनि धेरै नेपालीहरू घरखेत बेचेर भए पनि अमेरिका जाने सोच राख्ने यो बेला तपाईंले त्यहाँ अध्ययन गरेर नेपाललाई नै कर्मक्षेत्र बनाउने निर्णय भने स्वागतयोग्य छ।


निर्वाचनको बेलासम्म तपाईंको नाम सुनिएको थिएन। समानुपातिकबाट जब तपाईं सांसद मनोनीत हुनुभयो। मन्त्रीहरूलाई सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर प्रश्नहरू गर्नुभयो। विनातयारी बैठकमा उपस्थित भएर भत्तामात्रै पचाउने बानी परेका हाम्रा मन्त्रीहरूलाई प्रश्नको घेरामा पारेर ऱ्याख ऱ्याक्ती पार्नुभयो। तपाईंको बौद्धिकता नेपाली जनताले बुझ्ने अवसर पाए।

पार्टी सदस्य बनेको छोटो समयमै सांसद बन्ने र एक वर्षभित्रै मन्त्री बन्ने अवसर पाउने विरलैमध्ये तपाईं एक हुनुहुन्छ। देशको राजनैतिक घटनाक्रमले जुराएको यो अवसरलाई तपाईंले दिन, घण्टा र मिनेट मिनेटको समयको महत्त्वलाई बुझेर देश र जनताको निम्ति सदुपयोग गर्नुहुनेछ भन्ने मेरो आशा छ।

केही समयअघि मन्त्रीहरूलाई प्रश्न गरिरहने तपाईं अब जवाफ दिने ठाउँमा पुग्नुभएको छ। मलाई थाहा छ, प्रश्न गर्नु जस्तो जवाफ दिनु त्यति सजिलो पक्कै हुनेछैन। अहिले शिक्षा क्षेत्र अत्यन्त भद्रगोल छ। शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने चुनौतीका चाङ छन्। कतिबेला गठबन्धन परिवर्तन होला र मन्त्री पद खुस्केला भनी चिन्तित भएर कुर्सी सम्हाल्नेहरूले कति काम गर्न सक्छन् र ! त्यो जनताले शङ्का गर्ने ठाउँ छ तर जतिञ्जेल कुर्सीमा रहनुहुन्छ, त्यतिञ्जेल देश र जनतालाई केन्द्रमा राखेर काम गर्नेहरूलाई नै जनताले सन्धै सम्झने गर्छन्।

***मन्त्रीजी,***

अहिलेका विद्यार्थीहरू कक्षा १२ पास हुनासाथ विदेशतिर जाने सोच बनाउँछन्। नेपालका विश्वविद्यालय र कलेजहरूप्रति विद्यार्थीको विश्वास घट्दो क्रममा छ। विश्वविद्यालयहरूमा समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु, पास भइसकेपछि बेरोजगार भएर बस्नुपर्ने अवस्था नै नेपाली विद्यार्थीहरू विदेशतिर आकर्षित हुनाका कारणहरू हुन्। गत वर्ष २५० जनाको र यस वर्ष १८३ जना विद्यार्थीको परीक्षा कापी हराएको बारे यहाँलाई अवगतै होला। विश्वविद्यालयको लापरबाहीको यो एक उदाहरणमात्रै हो। भागबन्डामा नियुक्त शिक्षकहरूले विश्वविद्यालयबाट भन्दा बढी तलब म्यानपावर कम्पनीहरूबाट खाने गरेको विश्वविद्यालय पदाधिकारीहरूलाई थाहा भएर पनि कुनै कारबाही नहुनु र विदेशी विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त कलेजहरू राजधानीलगायत धेरै सहरहरूमा निर्बाध सञ्चालन हुनु पनि अर्को कारण हो। सन् २०२३ को तथ्याङ्कअनुसार १ लाख १० हजार विद्यार्थीले विदेश पढ्न नो अब्जेक्सन लेटर लिएका छन्। विदेशमा पढ्न जाने विद्यार्थीहरू दैनिक २५ सयभन्दा बढी आयो भनेर कार्यालय प्रमुखले राजीनामा दिएको समाचार पनि हामीले सुन्यौं। कस्तो विडम्वना !



हाम्रा विश्वविद्यालय र कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेका छन्। यो वर्ष ५३९ वटा कलेजहरू बन्द हुने समाचारले त कसलाई पो चिन्तित बनाउँदैनन् र ? यो विकृतिको लागि भागबन्डामा विश्वविद्यालयको उपकुलपति, प्राध्यापक नियुक्ति गर्ने दलहरू जिम्मेवार छन्। विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरू खारेज गर्ने, नेपालमा पढाइ हुने विषयहरूमा विदेशमा पढ्न अनुमति नदिने र उत्पादन श्रमसँग जोड्ने शिक्षा नीति तयार गर्न सके विदेश जाने विद्यार्थीहरू धेरै हदसम्म रोक्न सकिन्छ। यो मेरो सुझाव हो। दशकौंदेखि जरा गाडेर बसेका शैक्षिक माफियाहरूको सञ्जाललाई तपाईंले चाहेर पनि तत्काल तोड्न सक्नुहुन्छ भने पनि मलाई लाग्दैन तर कहीं न कहींबाट त सुरु हुनुपर्यो नि ! होइन ?

अहिले चिकित्सा शिक्षा कति महँगो छ ? मैले भनिरहनुपर्दैन। अत्यन्त उत्कृष्ट विद्यार्थीहरूले पढ्ने चिकित्सा शिक्षामा स्नातक पढ्न ५०/६० लाख र स्नातकोत्तर गर्न ३०/४० लाख गरेर एकजना दक्ष जनशक्ति तयार गर्न झन्डै १ करोड जतिको खर्च लाग्छ। के यो लुट होइन ? अझ ९/१० वर्षको कठोर परिश्रम पनि त्यसमा जोडिन्छ। चिकित्सा शिक्षा गरिबको लागि आकाशको फलजस्तै छ। धनीका सन्तानहरूले क्षमता नै नभए पनि निजी मेडिकल कलेजहरूमा पढेर डाक्टरको प्रमाणपत्र पाउँछन्। निजी कलेजहरू रहेसम्म यो क्रम जारी रहनेछ। शिक्षाकै माध्यमबाट पनि आज समाज दुई वर्गमा विभाजित हुँदै छ। यस्तो शिक्षामा भइरहेको विकृतिको अन्त्य गर्न कठोर कदम चाल्नुको विकल्प छैन।

प्रसङ्गवस ख्वप विश्वविद्यालयको पनि कुरा गरौं ! भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी वर्षको हजारौं विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ। २०५६ सालमा ख्वप उच्च माविस्थापना भएदेखि अहिलेसम्म ४१ हजारभन्दा बढी विद्यार्थीले उच्च शिक्षा हासिल गर्ने अवसर पाइसकेका छन् भने हाल देशभरका ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

ख्वप विश्वविद्यालयभन्दा पछि आएका अन्य विश्वविद्यालयहरूको विधेयक पारित भई सञ्चालनमा आइसकेका छन् भने नेपाल विश्वविद्यालय विधेयक संसद्मा विचाराधीन अवस्थामा छन्। तपाईंले 'ख्वप विश्वविद्यालयलाई सम्बन्धन दिनुपर्ने' भनेर संसद्मा बोल्नुभएको कुरा हामीले सम्झिरहेका छौं। शिक्षालाई उत्पादन श्रमसँग मिलाउने उद्देश्यका साथ स्थापना हुन लागेको ख्वप विश्वविद्यालय स्थापना गर्न यहाँको तर्फबाट पहल हुने पनि अपेक्षा लिएको छु।

***मन्त्रीजी,***

मावि तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहको हो। सङ्घीयताको भावना र संविधानले निर्दिष्ट गरेको कुरा पनि यही हो। तर, यसअघि शिक्षाका जिम्मेवारी लिएर बसेकाहरू जिल्ला शिक्षा समन्वय एकाइ निर्माण गरी त्यसमार्फत स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गर्दै छन्। अझ हाल संसद्मा विचाराधीन शिक्षा विधेयकमा संविधानविपरीत जिल्ला शिक्षा कार्यालयलाई पुन:स्थापना गर्ने कोसिस हुँदै छ। उक्त विधेयकमा रहेको संविधानको भावना र सङ्घीयताको मर्मविपरीत जिल्ला शिक्षा कार्यालय स्थापनासम्बन्धी प्रावधान खारेज गर्नेतर्फ यहाँले ध्यान दिने आशा गर्छु।

तपाईंको निर्वाचन वाचापत्रमा पनि 'क्षमता भएका शिक्षालयलाई निश्चित समयका लागि मानार्थ विश्वविद्यालयको रूपमा सम्बन्धन दिई गुणस्तर मापन पछि मात्रै विश्वविद्यालयको मान्यता दिने' उल्लेख छ (पेज १६)। ख्वप विश्वविद्यालयले सम्बन्धन दिएर फाइदा लिने उद्देश्य राखेको छैन, मानार्थ विश्वविद्यालयकै रूपमा सञ्चालन गर्न पनि तयार भएको सम्बन्धित पदाधिकारीहरूबाट समय समयमा व्यक्त गर्नुभएको तपाईंले सुन्नुभएकै होला। प्रधानमन्त्री कुनै पनि विश्वविद्यालयको कुलपति बनाउने व्यवस्था खारेज गर्नु जरुरी छ। तपाईंको वाचापत्रमा उल्लेखित त्यो कुरा छिट्टै नै पूरा हुने आशा पनि छ।

तपाईं मन्त्री भएको केही दिनमै सबै स्थानीय तहको नाउँमा १० बुँदे पत्र जारी गर्नुभयो। सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म कुनै पनि शीर्षकमा शुल्क लिन नपाउनेलगायतका बुँदाहरू पत्रमा उल्लेख छन्। यसअघिका मन्त्रीहरूले पनि यस्ता पत्राचार गर्ने गरेका थिए। यो कुनै नौलो कुरा होइन। संविधानले आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा मा.वि. तहसम्मको शिक्षा नि:शुल्क भनेको छ। सरकारले विद्यार्थी सङ्ख्याअनुसार शिक्षक दरवन्दी पूर्ति गर्न नसक्दा विद्यालयहरू निजी स्रोतबाट शिक्षकहरू राखेर पढाउन बाध्य छन्। विद्यालय सुधारको निम्ति पर्याप्त अनुदानको व्यवस्था नहुँदा यो अवस्था आएको शिक्षकहरू बताउँछन्।

हाल सामुदायिक र संस्थागत गरी दुईथरी विद्यालय सञ्चालनमा छन्। संविधानले नि:शुल्क भनिएको अवस्थामा संस्थागतले शुल्क लिन कसरी मिल्छ र ? मावि तह नि:शुल्क गर्ने हो भने कसैले पनि शुल्क लिन नपाउने व्यवस्था गर्नुपर्छ। संस्थागत विद्यालयहरूलाई निश्चित समयावधि तोकेर गुठीमा लैजाने बन्दोबस्त गरिनुपर्छ। यो अत्यन्त जोखिम काम हो। एमाले, नेका र माओवादी नेताहरूकै लगानीमा ठुलठुला विद्यालयहरू सञ्चालनमा छन्। त्यसलाई बन्द गर्नेतर्फ लाग्ने हो भने तपाईंको कुर्सी हल्लिन सक्छ। कुर्सीको लोभ नगर्नेहरूले मात्र यो जोखिम मोलेर काम गर्नसक्छन्।

मन्त्री बन्नु भनेको निर्वाचन घोषणापत्र कार्यान्वयन गर्नु हो। के तपाईंले निर्वाचनको बेला पार्टीले घोषणा गरेको वाचापत्र सम्झनुभएको छ ? विज्ञान, गणित, कम्प्युटर, लेखाजस्ता सबै विषयहरू अङ्ग्रेजी माध्यममा अध्यापन गराउने, कक्षा ८ सम्म विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डबमोजिमको पौष्टिक खाना प्रदान गर्नेजस्ता बुँदाहरू तपाईंको पार्टी वाचापत्रमा उल्लेख छन्। वाह ! कस्तो राम्रो ? के दुर्गम जिल्लाका विद्यालयहरूमा गएर अङ्ग्रेजी माध्यमबाट पढाउने शिक्षक नेपालमा पर्याप्त छन् ? यसअघि कक्षा ६ सम्म पढ्ने विद्यार्थीहरूलाई दिइराखेको खाजा खर्चसमेत बजेट अभाव देखाएर कटौती गरी यस वर्षदेखि कक्षा ५ सम्ममात्र दिने निर्णय गर्ने सरकारले अब कक्षा ८ सम्मका विद्यार्थीहरूलाई खाजा खर्च दिन कति सम्भव होला ?

पत्र लेख्दै जाँदा लामो हुन गयो। लेख्ने विषयहरू धेरै छन्। तर, शिक्षा सुधारको निम्ति गर्नुपर्ने अन्य विषयहरू पछिल्ला पत्रहरूमा लेख्दै गरौंला। आजलाई यतिमै बिदा हुन्छु।

***तपाईंकै उही मित्र***
***सुमन***

# चीनसँगको व्यापार युद्धमा संरा अमेरिका किन पराजित हुन्छ ?

आफ्नो चुनावी अभियानको क्रममा संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ आयातमाथि ३५ देखि ४५ प्रतिशतसम्म कर थोपर्ने धम्की दिएका थिए । चीनलाई संरा अमेरिकासँगको व्यापार घाटा कम गर्न बाध्य बनाउने ट्रम्पको तर्क थियो । यसो गर्दाको स्वाभाविक परिणाम भनेको संरा अमेरिका र चीनबिचको व्यापार युद्ध हुने थियो । जुन युद्धमा अमेरिका नि:सन्देह हार्नेछ । त्यत्तिबेला ट्रम्पले आफ्नो उक्त धम्कीलाई व्यवहारमा उतार्ने थिए वा थिएनन् कुनै टुङ्गो लागिसकेको थिएन । तथापि, आफ्नो कार्यकालका सुरूका दिनमै ट्रम्पले अन्तर प्यासिफिक पार्टनरसीप (टीपीपी) बाट हात झिकेर चुनावताका धम्कीपूर्ण अभिव्यक्ति कार्यान्वयन गर्ने तत्परता देखाए ।

वास्तवमा चीनसँग खेलेर ट्रम्पले अज्ञात र जोखिमपूर्ण क्षेत्रमा हात हालेका थिए । एसियाली मामिलामा उनको जानकारी कम भएको कुरा त सन् २०१६ को डिसेम्बरमा ताइवानका राष्ट्रपति साए इङ्ग-वेनसँगको फोनवार्तामा उनी स्वयंले सार्वजनिकरूपमा स्वीकारेबाटै प्रस्ट भएको थियो । त्यसभन्दा अघि उनले 'एक चीन' नीतिबारे आफूलाई जानकारी नभएको भनी बोलेका थिए । उनले 'एक चीन' नीतिप्रति किन सम्मान गर्नुपर्छ भन्नेबारे आफूसँग जानकारी नभएको बताएका थिए । टीपीपीबाट ट्रम्पको फिर्ताले संसारकै नेतृत्वदायी आर्थिक शक्ति-संरा अमेरिकाबाट चीनको सम्बन्धलाई खुकुलो बनाउँदै लग्यो ।

चीनले केही समयसम्म संरा अमेरिकाबाट चालिने पहिलो कदमको प्रतिक्षा गऱ्यो । चीन र संरा अमेरिकाबिचको व्यापार युद्ध क्षेत्रीय हिसाबमा पनि समस्याको विषय बन्ने थियो । दक्षिणपूर्वी एसियाको सन्दर्भमा चीन-संरा अमेरिका व्यापार युद्धको प्रभाव कम हुने थिएन । प्रमुख व्यापार साझेदारको नाताले व्यापार युद्धको सबभन्दा गहिरो नकारात्मक प्रभाव त संरा अमेरिका र चीनलाई नै पर्ने थियो । तर, त्यो चीनको लागि सङ्कटको अवस्था बन्ने थिएन किनभने चीनको लागि संरा अमेरिकाभन्दा संरा अमेरिकाको लागि चीनको खाँचो अझ बढी पर्ने गरेको छ ।

ट्रम्पको दुर्भाग्य, आजको समय सन् १९८० को दसक होइन । बीस वर्षअघि परिस्थिति भिन्न थियो । त्यत्तिबेला चीन नाटकीयरूपमा अविकसित थियो । चीनले पश्चिमा प्रविधि र उत्पादन प्रविधिमा आफ्नो पहुँच खोजिरहेको थियो । तर, आज चीनसँग उसले खोजेका सबै कुरा पुगीसरि भइसकेको छ । अनि जति पनि कुरा उसले अझै हासिल गर्न सकेको छैन, उसले संरा अमेरिकाबाहेक अरू देशबाट सजिलै प्राप्त गर्नसक्नेछ । संरा अमेरिकी बजार केही दशकअघिसम्म आकर्षक देखिन्थ्यो । तुलनात्मकरूपमा संरा अमेरिका बजार परिपक्व देखिन्थ्यो । तर, आज नयाँ उदयीमान देशहरू भने पेचिङप्रति बढी आकर्षित छन् ।

चीनका उत्कृष्ट उत्पादनहरू जस्तै ल्यापटप कम्प्युटर र मोबाइल फोनको लागि तीव्ररूपमा फैलिँदो बजार भनेको भारत, ल्याटिन अमेरिका र अफ्रिकाजस्ता विकासशील क्षेत्र बनिरहेका छन् । अर्कोतिर चीन भने संरा अमेरिकाको लागि उसले उपेक्षा गर्नै नसक्ने बजार हो । सन् २०१५ को अन्त्यसम्ममा चिनियाँ उपभोक्ताहरूले मात्र १३ करोड १० लाख आइफोन किनेका थिए । जबकि संरा अमेरिकी उपभोक्ताहरूले त्यही अवधिमा जम्मा ११ करोड बराबरको आइफोन खरीद गरेका थिए । आइफोन भनेको त संरा अमेरिकाले चीनमा गर्ने कुल निर्यातको एउटा सानो हिस्सामात्र हो । १ लाख ५० हजार कामदारले काम गर्ने संरा अमेरिकाको बोइङ विमान कम्पनीबाट आगामी बीस वर्षमा चीनले मात्र झन्डै ६ हजार ८ सय १० वटा विमान किन्ने अनुमान गरिएको छ । बोइङ विमानको कारोबारमात्र पनि १० खर्ब अमेरिकी डलर बराबरको हुनेछ ।

ट्रम्पले व्यापार युद्ध सुरू गर्दा सबभन्दा तत्काल प्रभाव पार्ने क्षेत्र भनेको वालमार्टजस्ता कम्पनीहरू हुन् । वालमार्टजस्ता कम्पनीले अरबौं अमेरिकी डलर बराबरका सस्ता सामान चीनबाट आयात गर्ने गरेका छन् । ती सामानका उपभोक्ता भनेका ट्रम्पलाई राष्ट्रपति बनाउने मतदाताहरू हुन् । त्यस्ता उपभोग्य वस्तुको मूल्य एकाएक छोटो समयमा आकाशिनेछ । उपभोग्य वस्तुको उत्पादन लागत बढेर मूल्यवृद्धि हुने होइन, बरु करको वृद्धिका कारण मूल्यवृद्धि हुनेछ । त्यसकारण, चीन र संरा अमेरिकाबिचको व्यापार युद्धमा चीनले सजिलै जित्न सक्ने अवस्था छ ।

चीनसँग अहिले विदेशी मुद्रा सञ्चय ३० खर्बभन्दा बढी अमेरिकी डलर छ । (यो एक वर्षअघिको तथ्याङ्क हो) । तर, संरा अमेरिकासँग यत्रतत्र सर्वत्र छरिएर रहेको विदेशी मुद्रा सञ्चय १ खर्ब २० अर्ब अमेरिकी डलरमात्र छ । चिनियाँ वस्तुमाथि ट्रम्पले कर थोपरेलगत्तै विश्व व्यापार सङ्गठनमा उसले जरिवाना तिर्नैपर्ने हुन्छ । त्यसले त अन्तत: विश्व व्यापार सङ्गठनलाई समेत विघटनको मोडमा पुऱ्याउन सक्दछ । विश्व व्यापार सङ्गठनलाई जोगाउन संरा अमेरिकाले अझ बढी खर्च गर्नुपर्ने हुन्छ । यति सबै घटना हुन त केही समय पक्कै लाग्ला । तर, यी सबै घटना हुनुअघि व्यापार युद्धले अमेरिकी व्यापार र रोजगारीमा विध्वंसकारी प्रभाव पार्नेछ । तर, तुलनात्मकरूपमा चीनलाई भने यसले कमैमात्र प्रभाव पार्ने देखापर्दछ ।

वास्तवमा संरा अमेरिका-चीन सम्बन्धको महत्त्वलाई अरु खेलाडीहरूले चुनौती दिइरहेको अवस्था छ । चीनमा एप्पलको आइफोनको बिक्री स्थानीय चिनियाँ उत्पादकहरूसँग प्रतिस्पर्धा गरिरहेका छन् । सामसुङ भने चिनियाँहरूले टाल्नै नसकेका प्वालहरू आफूले टाल्न सकेकोमा ज्यादै खुसी छ । त्यसैगरी, चिनियाँहरू एउटा युरोपेली कम्पनीबाट एयरबस किन्न अर्बौं डलर खर्च गर्न तयार छन् । त्यो युरोपेली कम्पनीले चीनमै ठुलो आकारको ट्वीन-एसल जेट विमान बनाउन (एसम्बल) गर्न आवश्यक पूर्वाधार चीनमै निर्माण गरिसकेको छ । गाडीको कुरा गर्दा धेरै चाँडै चिनियाँ गाडीहरूले मर्सिडिज, बीएमडब्ल्यु वा लुक्स र फोर्डलाई उछिन्नेछन् ।

चीन र अरू आर्थिक विज्ञहरू पनि दुई देशबिचको व्यापार चाहँदैनन् । अमेरिकी राजनीतिक प्रणाली 'नियन्त्रण र सन्तुलनको सिद्धान्त' मा आधारित प्रणाली हो । तर, जटिल मुद्दाहरूमा राष्ट्रपतिबाट आफ्नै विश्वासमा आधारित भएर चालिने विशेष कदमले जे पनि हुनसक्ने सम्भावना भने रहेकै हुन्छ ।

***आइएमडी जर्नल***

## 'व्यापार युद्ध' आत्मघाती प्रमाणित हुनेछ

...... महामहिमज्यूको दूरदर्शी र गतिशील नेतृत्वमा चीनले हासिल गरेको सफलताप्रति चिनियाँ जनताको गौरवले हामीलाई पनि गौरवान्वित बनाएको छ । भ्रष्टाचारविरुद्धको सङ्घर्ष, विश्व पर्यावरण संरक्षण गर्न चालिएका पाइलाहरू, हरेक चिनियाँ नागरिकलाई उत्तम जीवन दिने प्रतिबद्धता, वैचारिक गतिविधिको खँदिलो निरन्तरता र समाजवादी निर्माणका गतिविधि सर्वत्र प्रशंसित छन् । 'एक क्षेत्र र एक मार्ग अगुवाइ' (Belt & Road Innitiative) ले चिनियाँ जनतालाई मात्र नभई सिङ्गो संसारमै असीम खुसियाली सञ्चार गरेको छ । चीनले निर्धारण गरेका शताब्दी गन्तव्यहरूमा पनि बिनाअवरोध चीन सफल हुनेमा हामी विश्वस्त छौं । 'साझा भाग्य' को महान् अवधारणाले संसारका हरेक कुनाकाप्चामा आशाको किरण फैलाएको छ । विश्व शान्ति र मानव सभ्यताको लागि चीनको यो महानतम योगदान प्रमाणित हुनेमा हामी विश्वास गर्दछौं ।


चिनियाँ वस्तुमाथि चर्को कर थोपर्ने संरा अमेरिकी सरकारको निर्णयसँगै चीन र संरा अमेरिकाबिच भएको पछिल्लो विवादप्रति संसारभरका शान्तिप्रेमी जनताले गहिरो चासो देखाएका छन् । संरा अमेरिकाले चीनविरुद्ध फेरि एक पटक नयाँ 'व्यापार युद्ध' को थालनी गरेको छ तर नि:सन्देह संरा अमेरिकाको यो कदम निरर्थक र ऊ स्वयम्‌को लागि आत्मघाती प्रमाणित हुनेछ ।

*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष रोहितले चिनियाँ राष्ट्रपति सि चिन फिङलाई पठाउनुभएको बधाई सन्देशको एउटा अंश)*

# के चीन अमेरिकाको निम्ति खतरा हो ?

१६ माघ २०७४ (३० जनवरी २०१८) को दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एउटा औपचारिक कार्यक्रममा राष्ट्रिय सुरक्षा रणनीतिमा चीनलाई एक प्रतिद्वन्द्वी र खतरा भएको बताएका थिए ।

त्यसबारे संरा अमेरिका र संसारकै बुद्धिजीवीहरूमाझ छलफल हुनु स्वाभाविक छ । बरु संसारले के अनुभव गर्दै थियो भने संरा अमेरिका संसारकै निम्ति खतरा हो । अफगानिस्तान, इराक, लिबिया र सिरिया अहिले संरा अमेरिकाबाट पीडित




छन् । अलि पर जाने हो भने अर्थात् दोस्रो विश्वयुद्धपछि कोरिया, भियतनाम, लावस र कम्बोडियाको निम्ति पनि संरा अमेरिका नै एक आक्रामक खतरा थियो ।

एउटा नेपाली उखान छ, 'जुत्ता लगाउनेलाई थाहा हुन्छ, जुत्ताले कहाँ पोलेको छ ।' एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनतालाई थाहा छ संरा अमेरिका संसारकै निम्ति एक खतरा छ । तर, रेविका कार्ल भन्छिन्, संरा अमेरिका चीनको लागि मात्रै खतरा होइन, दशकौंदेखि सारा संसारकै निम्ति खतरा हो । उनी एक इतिहासकार र चीनबारेका विदुषी हुन् ।

तिनले थपिन्, "आर्थिक, सैनिक वा कूटनीतिकरूपमा बढ्दै गएको चीनको दूरगामी दृष्टिकोणको तुलनामा संरा अमेरिकाले आफूलाई असम्भव ठानेको हुनाले चीनलाई खतराको रूपमा लिएको छ ।"

हुन पनि सोभियत सङ्घको पतनपछि संरा अमेरिकाले आफूलाई एकमात्र महाशक्तिको रूपमा अनुभव गर्दै थियो र चीनको चौतर्फी प्रगतिका कारण चीनलाई आफ्नो प्रतिद्वन्द्वी सम्झेको छ ।

**संरा अमेरिका आफ्नै इतिहासबाट संत्रस्त**

अमेरिकी रक्षा सचिव रेक्स टिलरसनले फेब्रुअरीको सुरुमा आफ्नो ल्याटिन अमेरिकाको यात्रामा 'युरोपेली उपनिवेशवादको सम्झना' गर्दै 'नयाँ साम्राज्यवादी शक्ति' भन्दै चीनमाथि कटाक्ष गरेको सन्दर्भबारे नेपालका संवेदनशील पक्ष अचम्ममा परेको चर्चा चलेको छ ।

टिलरसनले मेक्सिको, अर्जेन्टिना, पेरु, कोलम्बिया र जमैकाको यात्राको क्रममा चीनलाई 'आफ्नो आर्थिक धुरीमा तान्न' खोज्ने 'लुटाहा पात्र' को रूपमा चित्रण गरे । अत्यन्त ठुलो व्यापारिक सम्बन्ध रहेको चीनमाथि संरा अमेरिकी राष्ट्रपति र रक्षासचिवजस्ता महत्त्वपूर्ण व्यक्तिहरूको अभिव्यक्तिले अमेरिकाको आर्थिक, व्यापारिक, सैनिक र कूटनीतिमै ठुलो कमजोरी रहेको सर्वत्र अनुभव गरिएको अनुमान गर्न सकिन्छ ।

चीनको एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूसँगको कूटनीतिक सम्बन्धले आधा शताब्दी नाघिसकेको छ । आर्थिक, व्यापारिक र सांस्कृतिक सम्बन्धले पनि दशकौं नाघिसकेको छ । अर्जेन्टिना, ब्राजिल, चिली र पेरुसँग चीनको व्यापार सम्बन्ध सबभन्दा ठुलो छ । ती चार देशसँग चीनको व्यापार सम्बन्ध संरा अमेरिकाको भन्दा राम्रो स्थितिमा रहेको सुनिन्छ ।

स्थिति यस्तै हो भने संरा अमेरिकी राष्ट्रपति र रक्षामन्त्री समेत किन चीनलाई 'साम्राज्यवादी शक्ति', 'उपनिवेशवादी' र खतरा मान्न पुगे ?

संरा अमेरिकाको पाँचौं राष्ट्रपति जेम्स मुनरोले आफ्नो कार्यकाल (१८१७-१८२५) मा युरोपेली उपनिवेशवादीहरूको विरोधमा खासगरी स्पेनको विरोधमा भनेका थिए, "पश्चिमी गोलार्द्ध अर्थात् 'अमेरिका, अमेरिकीहरूको निम्ति' हो ।"

त्यसपछि १९१४ सम्ममा संरा अमेरिकाले क्यारेबियाली देश क्युवा, हाइटी र अन्य दक्षिण अमेरिकी देशहरूसँगै कोलम्बियाको पनामाका आदिवासीहरूलाई विद्रोह गर्न लगाई राज्यको मान्यता दिएर पनामा क्षेत्र कब्जामा लियो, त्यहाँ जहाज चल्ने नहर बनायो र प्रशान्त महासागरबाट एसिया पुग्ने छोटो बाटो बन्यो । त्यसपछि हवाई, ग्वाम, फिलिपिन्स कब्जा गर्दै चीनमा समेत हमला गर्न पुग्यो । आज संरा अमेरिका हिजोका आफ्ना कुकर्महरूको इतिहासबाट आक्रान्त छ ।

# पुँजीवादको स्थायी आतङ्क

**• बेन हिलर**

सेनाले लाखौं मानिसलाई निर्धारित 'सुरक्षित' स्थलमा जान भन्यो । त्यहाँ पुगेपछि उनीहरूमाथि थल र जल सेनाले बमबारी गरे । जर्नेलहरूले अर्को सुरक्षित स्थल पनि छ र तिमीहरू हिँडिरह्यौ भने शरणस्थल भेटिन्छ भने । त्यसपछि पनि उनीहरूमाथि हमला भयो । यो दृश्य दोहोरिरह्यो । अहिले भने उनीहरूलाई ठेल्दै समुद्री तटको एउटा साँघुरो पाखोमा पुऱ्याइएको छ । त्यहाँबाट अन्त जाने ठाउँ छैन । समुद्रले बाटो छेकेको छ ।

सरकारी अधिकारीहरूले आफ्नो रुचि 'आतङ्कवादीहरू' लाई मार्नुमा मात्र रहेको बताए । तर, 'आतङ्कवादीहरू' लाई बहुसङ्ख्यक जनताको साथ छ र अधिकारीहरू ती जनता 'आतङ्कवादीहरू' का सहयोगी हुन् भनेर खेल स्पष्ट भएको बताए । त्यसैले सेनाले त्यस भेगमा मानवीय सहायता पुग्न दिएन र लगातार बमबारुदले हानेर समुद्रको त्यो पाखोलाई सामूहिक चिहानमा परिणत गऱ्यो । त्यसपछि त्यो मारकाटको लागि सेनाले 'ती आतङ्कवादीहरू' लाई दोष दियो ।

संसारभरिका सरकारले केही गरेनन्, बरु जातिसंहारलाई टेवा दिए । जातिसंहार बीसको उन्नाइस भएन ।

यो गाजा हुनसक्छ । तर, पन्ध्र वर्षअघि श्रीलङ्कामा पनि यस्तै भएको थियो । त्यहाँको सरकारले तमिल टाइगर्सको नेतृत्वमा भएको राष्ट्रिय मुक्ति सङ्घर्षलाई निर्ममतापूर्वक दबाउँदा संसार मौन रह्यो । इजरायलको चालू रणनीतिको लागि त्यो एउटा पृष्ठभूमि बन्यो ।

सन् २००९ को पहिलो साढे चार महिना श्रीलङ्काली सेनाले त्यहाँका कम्तीमा ७० हजार तमिल अल्पसङ्ख्यकहरूको हत्या गरेको सन् २०१२ को राष्ट्रसङ्घको आन्तरिक प्रतिवेदनमा उल्लेख छ । स्थानीय गणनाअनुसार १ लाख ४६ हजारभन्दा बढी मानिसहरू मृत फेला परेको उल्लेख छ । एकै हप्तामा झन्डै २० हजार मानिस मारिएपछि अन्तत: मे १८ का दिन टाइगर्स समूहलाई सैनिकरूपमा पराजित गरेको हुनसक्ने अनुमान छ ।

"हामीलाई यो ठाउँमा जन्तुलाई जस्तै जम्मा गरियो," केही वर्षअघि यो लेखक हत्यास्थल पुग्दा हत्याकाण्डबाट बाँचेका एक व्यक्तिले बताए ।

उनले भने, "हामीसँग लास गाड्नेसम्म समय थिएन । हरेक दिन हामी लास गन्थ्यौं : एक सय, डेढ सय गर्दै अन्त्यतिर हजारौं पुग्यो ।"

इजरायल र श्रीलङ्काबिच अचम्मलाग्दो समानता भेटिन्छ । एक हदसम्म ती जातिसंहारका आ-आफ्नै विशेषता छन् । तर, २१ औं शताब्दीको हिंसाको व्यापक फलकमा राखेर हेर्दा तिनमा एकखाले समानता छ । उदाहरणको लागि अन्तर्राष्ट्रिय तथा सार्वजनिक मामिलाका लागि वाट्सन संस्थानको एउटा परियोजना छ 'युद्धको मूल्य' नामको । वाट्सन संस्थान अमेरिकी अनुसन्धान संस्था हो । सो संस्थाको अध्ययनअनुसार अमेरिकाको सेप्टेम्बर ११ को घटनासँग सम्बन्धित रहेर अमेरिकी नेतृत्वमा भएका युद्ध र युद्ध क्षेत्रहरूमा यो शताब्दीमा मात्र कम्तीमा ४५ लाख मानिस मारिएका छन् । यो सङ्ख्यामा श्रीलङ्का, कङ्गो, डार्फर, इथियोपिया, म्यानमार, चेचन्या, युक्रेनलगायत देशमा मारिएका मानिसहरूको सङ्ख्या जोडिएको छैन ।

राष्ट्रसङ्घको शरणार्थी एजेन्सीको अनुमानअनुसार यस्ता द्वन्द्वका कारण आज १० करोडभन्दा बढी मानिस जबरजस्ती घरबार छोडेर दुनियाँभरि भौतारिन बाध्य छन् ।

अथवा, 'अहिंसात्मक' आतङ्ककै कुरा गरौं । भोकमरीको तरबार विश्वका ८० करोडभन्दा बढी मानिसको टाउकोमाथि झुन्डिएको छ । विश्व खाद्य कार्यक्रमको अनुमानअनुसार प्रतिवर्ष ९० लाख मानिसहरू भोक र भोकजन्य रोगबाट मर्छन् । अन्य १० लाख मानिस अपर्याप्त खानेपानी वा सरसफाइको कमीले मर्छन् भन्ने विश्व स्वास्थ्य संस्थाको आँकडा छ ।

साँच्चै बेहिसाब आतङ्कको बिगबिगी छ : मृत्यु, विस्थापन, हिंसा, भोक र गरिबीको भूतले पृथ्वीलाई सताइरहेछ ।

कुनै पनि आतङ्कलाई मौलिक ढङ्गले व्याख्या गर्न सकिन्छ । प्यालेस्टिनको जातिसंहार, रुसका मजदुरहरूको गरिबी, सुडानको भोक सङ्कट, भारतीय जातिप्रथाको घिनलाग्दो विभेद, साउदी अरबमा महिलामाथिको दमन, संरा अमेरिकामा मान्छे-मान्छेबिचको अचाक्ली हिंसा, मुख्य विश्वशक्तिहरूबिचको बढ्दो सैन्य तयारी । बुद्धिजीवी, अभियन्ता र अध्येताको जमातले यी घटनाका एकै र छुट्टाछुट्टै विशेषताको व्याख्या गर्न अगणित समय बिताएको छ ।

कहिलेकाहीँ समानता भेटिन्छ । उदाहरणको लागि 'बसोबासी उपनिवेशवाद' को भाष्यभित्र धेरै आदिवासी अधिकारकर्मीहरूले प्यालेस्टिनी र यसैखाले राष्ट्रिय दमनमा परेका उदाहरणबिच सादृश्य फेला पारेका छन् । *(यद्यपि, विश्वभरि राष्ट्रिय दमनमा परेका धेरै जनताको बसोबासी उपनिवेशवादसँग गोरु बेचेको साइनो पनि छैन । आजका धेरै इजरायलीहरूलाई 'बसोबासी' भन्न मिल्दैन ।)*

तैपनि, अधिकांश समय आतङ्कका विशिष्टतामा जोड दिन छोडिएको छैन । यसो गर्दा विश्वभरि हुने आतङ्कसम्बद्ध आधारभूत कुरा बताइन्न । आतङ्कको आधारभूत जग पुँजीवादी अर्थतन्त्र हो । पुँजीवादले मानवीय आवश्यकतालाई सर्वत्र व्यापारी र राज्यका शासकहरूको स्वार्थमुनि दबाइदिन्छ ।

पुँजीवादी समाजमा नाफा, सम्पदा, भूभाग र बजारको होडबाजीमा मग्न झरिलो अर्थतन्त्र र भूराजनीतिक भोकले सबथोक निर्धारित गर्छ । झन् बढी देशका शासकहरूले धन बढाइरहेको बेला, देशको सीमाबाहिर पनि शक्ति जमाउन पुग्ने धन थुपार्दै गर्दा होडबाजी झन्झन् घाँटीरेटु बन्दै छ । यति नै बेला विश्वको आर्थिक वृद्धि मन्द हुँदै छ । एकै देशमा बसोबास गर्ने हुनेखाने र पिँधपातालका जनताबिच असमानता अकासिँदै छ ।

विश्वव्यापी आक्रामकता र घरेलु 'फुटाउ, शासन गर र दबाउ' को खिचडी गठजोडले दैनिक काम गर्छ । विश्व राजनीति झन् बढी 'लिन जान्ने-दिन नजान्ने' बन्दै छ । कोही न कोही भिरबाट खस्नैपर्ने हुन्छ ।

त्यसकारण, जातिसंहार विशेष छ र छैन पनि । क्रूरताको मापन गर्दा जातिसंहार अपवाद हुनसक्छ । तर, जातिसंहार पुँजीवादको 'सामान्य' आतङ्ककै हिस्सा हो, जसमा प्रतिदिन हजारौं मानिस बलि चढ्छन् ।

***(एमआर अनलाइन ।)***
***अनुवाद : सम्यक***



चिनियाँ प्रधानमन्त्री ली छ्याङले चीनको राजधानी पेइचिङमा मार्च २६, २०२४ का दिन चीनको औपचारिक भ्रमणको क्रममा मङ्गलबार पेइचिङ आइपुग्नुभएका श्रीलङ्काका प्रधानमन्त्री दिनेश गुणवर्देनासँग वार्ता गर्नुअघि ग्रेट हल अफ द पिपुलको उत्तरी हलमा स्वागत समारोह आयोजना गर्नुभयो ।
*तस्बिर : सिन्ह्आ/याओ दावेई*

# मस्कोको कन्सर्ट हलमा आक्रमण : चार आरोपितमाथि आतङ्कवादको अभियोग

मस्को, २७ मार्च (एएफपी) । मस्कोको बासमानी जिल्ला अदालतले मस्कोको कन्सर्ट हलमा भएको नरसंहारमा संलग्न भएको आरोपमा चारै जना संदिग्धलाई आतङ्कवादको अभियोग लगाइएको छ र दोषी ठहर भएमा उनीहरूलाई आजीवन कारावासको सजाय हुनसक्छ ।

अहिले उनीहरूलाई मे २२ सम्मका लागि थुनामा राखिएको छ । तर, मुद्दाको सुनुवाइको मितिका आधारमा म्याद थप गर्न सकिने अदालतले जनाएको छ ।

उनीहरूलाई आइतबार हिरासतमा लिइएको थियो । अदालतले दुई जना प्रतिवादीले आफ्नो अपराध स्वीकारेको र तीमध्ये एक जना ताजिकिस्तानका नागरिक रहेको र उनले आफ्नो अपराध पूर्णरूपमा स्वीकारेको जनाएको छ ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले 'बर्बर आतङ्कवादी हमला' मा संलग्नलाई दण्डित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । शनिबार युक्रेनतर्फ भाग्ने क्रममा चारै जना बन्दुकधारीलाई पक्राउ गरिएको रूसी अधिकारीले बताएका थिए ।

किभले उक्त आक्रमणमा आफ्नो कुनै पनि प्रकारको संलग्नता नरहेको दाबी गर्दै आएको छ ।

पुटिनले इस्लामिक स्टेट (आइएस) समूहको जिम्मेवारीबारे सार्वजनिकरूपमा कुनै भनाइ राख्नुभएको छैन ।

मस्कोको उत्तरी उपनगर क्रास्नोगोर्स्कस्थित क्रोकस सिटी हलमा शुक्रबार साँझ बन्दुकधारीले आक्रमण गरी भवनमा आगजनी गर्दा तीन बालबालिकासहित कम्तीमा १३७ जनाको मृत्यु भएको थियो । आईएसले युरोपमा गरेको यो सबैभन्दा घातक आक्रमण हो ।

रूसी अनुसन्धान समितिले मस्कोस्थित आफ्नो मुख्यालयमा चार संदिग्धलाई घिसार्दै लगेको भिडियो सार्वजनिक गरेको छ । आक्रमणमा संलग्न रहेको आरोपमा पक्राउ परेका अन्य सात जनाको बारेमा भने केही बताइएको छैन । अधिकारीहरूले बन्दुकधारीहरू सबै विदेशी नागरिक भएको बताएका छन् ।

इस्लामिक स्टेट समूहले शनिबार टेलिग्राममा पोस्ट गरेको एक पोस्टमा 'चार जना आइएस लडाकुले मेसिनगन, पेस्तोल, चक्कु र फायरबमसहित आक्रमण गरेका' देख्न सकिन्छ ।

एसआईटीई गुप्तचर समूहका अनुसार बन्दुकधारीले खिचेको करिब डेढ मिनेट लामो भिडियो विभिन्न सामाजिक सञ्जालका अकाउन्टमा पनि पोस्ट गरिएको छ ।

# जापानमा 'डाइटरी सप्लिमेन्ट' प्रयोग गरेका दुईको मृत्यु, १०० जनाभन्दा बढी अस्पताल भर्ना

टोकियो, २७ मार्च (एएफपी) । जापानमा कोलेस्ट्रोल कम गर्न प्रयोग गरिने 'डाइटरी सप्लिमेन्ट' (औषधीय आहार) का कारण दुई जनाको मृत्यु हुनुका साथै १०० जनाभन्दा बढी अस्पताल भर्ना भएका छन् ।

जापानी औषधि निर्माता कम्पनी कोबायाशी फर्मास्युटिकल्सले ग्राहकको मृगौलासम्बन्धी गुनासोपछि बजारबाट उक्त औषधि फिर्ता मागेको थियो भने अधिकारीहरूले गुनासोलाई सम्बोधन गर्न अनुसन्धान सुरू गरिसकेका छन् ।

कम्पनीले औषधिका तीन वटा ब्रान्ड 'बेनी, कोजी, कोलेस्टे हेल्प' र कोलेस्टेरोल कम गर्ने विश्वास गरिने रातो चामलबाट बनेको 'बेनी र कोजी' नामक दुई अन्य उत्पादनलाई फिर्ता बोलाएको छ ।

चिकित्सा अध्ययनहरूले उच्च कोलेस्टेरोल कम गर्नका लागि प्रयोग गरिने 'स्ट्याटिन' को विकल्पको रूपमा रातो चामलबाट बनेको उक्त आहार दिइने बताएका छन् । तर, यस उत्पादनमा प्रयोग गरिएको रासायनले अङ्गमा क्षतिको जोखिम ल्याउने उनीहरूले चेतावनी दिएका छन् ।

सरकारका प्रवक्ता योशिमासा हयाशीले पत्रकारहरूसँग भन्नुभयो, "शङ्कास्पद मृत्यु हुनेको सङ्ख्या दुई पुगेको छ भने उक्त आहार सेवन गरेका बिरामी परेको भनी अस्पताल भर्ना भएका १०६ जनाको उपचार भइरहेको जानकारी प्राप्त भएको छ ।"

कोबायाशी फार्मास्युटिकल्सले जापानमा टेलिभिजन विज्ञापनहरूमार्फत प्रवर्द्धन गरिएका स्वास्थ्यसम्बन्धी धेरै उत्पादनहरूलाई बजारमा प्रवर्द्धन गर्दछ । कम्पनीले सञ्चारमाध्यममार्फत सार्वजनिक भएका स्वास्थ्य समस्याहरू र उत्पादनहरूबारे अध्ययन गरिरहेको तर निष्कर्षमा नपुगिएको बताएको छ ।

ओसाकास्थित उक्त कम्पनीले जापानका करिब ५० र ताइवानका दुई कम्पनीलाई पनि रातो चामलबाट तयार पारिएको औषधिय आहार उपलब्ध गराएको जनाएको छ ।

कोबायाशीका अधिकारीले एएफपीसँग कुरा गर्दै आफूहरूले स्वेच्छिकरूपमा उत्पादनलाई शुक्रबार फिर्ता बोलाएको र आहारका कारण दुई जनाको मृत्यु भएकोबारे तत्काल थप टिप्पणी गर्न अस्वीकार गरेका छन् ।

कोबायाशी फर्मास्युटिकल्सले उपलब्ध गराएको बेनी कोजी प्रयोग गर्ने दर्जनौँ जापानी कम्पनीले पनि यसलाई बजारबाट फिर्ता ल्याउने घोषणा गरेका छन् । प्रभावित उत्पादनहरूमा विभिन्न स्वास्थ्य ट्याब्लेटहरू, साथै गुलाब-रङ्गको पेय पदार्थ, सलादको लागि तयार पारिने अचार, पाउरोटी र 'मिसो पेस्ट' धेरै परम्परागत व्यञ्जनहरूमा प्रयोग गरिन्छ ।

सरकारले कोबायाशी फार्मास्युटिकल्सलाई स्थितिको बारेमा 'तत्काल जानकारी उपलब्ध गराउन' भनेको स्वास्थ्य मन्त्री केइजो ताकेमीले बताउनुभएको छ । उहाँले भन्नुभयो, "स्वास्थ्य मन्त्रालयले स्वास्थ्य क्षतिको बारेमा जानकारी सङ्कलन गर्न राष्ट्रव्यापीरूपमा स्थानीय अधिकारीहरूलाई निर्देशन दिएको छ ।"

बुधबार कोबायाशी फर्मास्युटिकल्सको शेयर मूल्य चार प्रतिशतले घटेको छ ।

यसअघि, उत्पादक कम्पनीले मृत रिपोर्ट गरिएको पहिलो व्यक्तिले फिर्ता बोलाइएका उत्पादनहरू मध्ये एक आहारलाई लगभग तीन वर्ष नियमितरूपमा खरीद गरेको पुष्टि गरेको थियो । कम्पनीले आहार र ती व्यक्तिको स्वास्थ्य रिपोर्टहरूको अनुसन्धान भइरहेको बताएको छ ।

कम्पनीले यसै हप्ता सार्वजनिक गरेको रिपोर्टमा भनेको छ, "उत्पादनहरूमा 'हामीले समावेश गर्न नचाहेका सामग्रीहरू' भएको सम्भावना फेला पारेको छ । तर, यसको अध्ययनले रातो चामलबाट उत्पादित विषाक्त र मृगौलालाई क्षति पुऱ्याउने कुनै पनि 'सिट्रिनिन' देखाएन ।"

ब्रिटिस मेडिकल जर्नलमा सन् २०१९ मा प्रकाशित एक शोधपत्रअनुसार कोलेस्टेरोलको मात्रा घटाउन प्रयोग हुने रातो चामलमा 'मोनाकोलिन के' को मात्रा पाइन्छ र यसलाई कोलेस्टेरोल बढी भएका बिरामीको उपचारका लागि प्रयोग गर्न जापानमा अनुमति दिइएको छ ।

# जर्मनीमा बाल गरिबीको दर उच्च

बर्लिन, २७ मार्च (सिन्ह्वा) । जर्मनीमा बाल गरिबीको दर उच्च देखिएको छ । सन् २०२२ मा पाँचमध्ये एक बालबालिका गरिबीबाट प्रभावित भएको जर्मनीको कल्याणकारी सङ्घले उल्लेख गरेको छ ।

जर्मनीका छ वटा केन्द्रीय स्वैच्छिक कल्याणकारी सङ्घहरूमध्ये एक 'परितातिशे जेसमट्वरब्यान्ड' को प्रतिवेदनका अनुसार युरोपमा करिब एक करोड ४२ लाख मानिस गरिबीमा बाँचिरहेका छन् । यसको प्रत्यक्ष असर एकल अभिभावक, ठुलो परिवार र थोरै शैक्षिक योग्यता भएका वा जर्मन नागरिकता नभएका मानिसहरूमा परिरहेको छ । सन् २०२२ मा जर्मनीमा गरिबी धेरै उच्च स्तरमा रहेको र अघिल्लो वर्षको तुलनामा यो सङ्ख्या केही कम भए पनि २०१९ को कोभिड-१९ महामारी र ऊर्जा सङ्कट अघिको तुलनामा अझै १० लाख बढी रहेको संस्थाको प्रबन्ध निर्देशक उलरिच स्नाइडरले बताउनुभयो ।

सरकारले विगत दुई वर्षमा कर कटौती र ऊर्जा मूल्य राहत उपायहरूका तीव्ररूपमा बढ्दो मूल्यहरूको प्रतिरोध गरेको छ । न्यूनतम पारिश्रमिक पनि दुई चरणमा गरी १०.४५ युरो बढाइएको थियो । यद्यपि, जेसमट्वर ब्यान्डले यस पारिश्रमिक मूल्यलाई अपर्याप्त मानेको छ र न्यूनतम पारिश्रमिकलाई युरोमा बढाउन आह्वान गरिरहेको छ । संस्थाले बालबालिकालाई गरिबीबाट जोगाउन बाल बीमाको व्यवस्था गर्नुपर्ने माग गरेको छ ।

सन् २०२५ सम्ममा बाल संरक्षण लागु गर्न जर्मन सरकार प्रतिवद्ध छ । जलवायु संरक्षणका लागि कोभिड-१९ राहत कोष असफल भएपछि र बजेटको अवरोधका कारण यस विषयमा वार्ता हालसम्म रोकिएको छ ।

हालका योजनाले बाल बीमा योजनाभन्दा प्रशासनिक सुधारका लागि बढी जोड दिइरहेको आर्थिक तथा सामाजिक अनुसन्धान संस्थानका वैज्ञानिक निर्देशक बेटिना कोहलरौसले बताउनुभयो ।

# हुन्डाईले विद्युतीय सवारी साधन निर्माणमा थप ५० अर्ब डलरभन्दा बढी लगानी गर्ने

सियोल, २७ मार्च (एएफपी) । हुन्डाईले दक्षिण कोरियामा विद्युतीय कारको बजार प्रवर्द्धनका लागि सन् २०२६ सम्ममा ५० अर्ब डलरभन्दा बढी लगानी गर्ने योजना सार्वजनिक गरेको छ ।

कियासँगै हुन्डाई बिक्रीका आधारमा विश्वको तेस्रो ठुलो कार कम्पनी हो । तर, इलोन मस्कको टेस्ला र चिनियाँ फर्म बीवाईडीपछि दक्षिण कोरियाली विशाल कम्पनी हुन्डाई विद्युतीय सवारी साधन उत्पादन क्षेत्रमा पछि परेको छ ।

हुन्डाईले सन् २०३० सम्ममा विद्युतीय कारको उत्पादन ३६ लाख युनिटभन्दा बढी पुऱ्याउने लक्ष्य राखेको भन्दै विश्वव्यापी विद्युतीय कारको पहिलो तीन स्थानभित्र पर्ने प्रयास गरिरहेको छ ।

हुन्डाई मोटर ग्रुपले बुधबार घोषणा गरेको ५०.५ अर्ब अमेरिकी डलर लगानीको साथ 'निरन्तर परिवर्तन र नवीनताको माध्यमबाट अनिश्चित व्यावसायिक वातावरणमा भविष्यको वृद्धिका आधारहरू सुरक्षित गर्न' चाहेको बताएको छ ।

भविष्यको गतिशील परियोजनाहरूसहित कम्पनीले सवारी उत्पादनमा कुल लगानीको ६३ प्रतिशत हिस्सा लगानी गर्न लागेको हो ।

यस योजनाअन्तर्गत हुन्डाईले दक्षिण कोरियामा ८० हजार नयाँ रोजगारी सिर्जना गर्नुका साथै तीन वटा नयाँ विद्युतीय कार निर्माण कारखानाहरू स्थापना गर्नेछ । हुन्डाईले सन् २०३० सम्ममा दक्षिण कोरियामा वार्षिक विद्युतीय गाडी उत्पादन १५ लाख १० हजार युनिट पुऱ्याउने लक्ष्य लिएको छ ।

समूहको विद्युतीय सवारी साधन उत्पादन रणनीतिमा पूर्वाधार, सफ्टवेयर, ब्याट्री टेक्नोलोजी र स्वचालित ड्राइभिङमा लगानी पनि समावेश छ ।

# बाल्टिमोरको पुल भत्किँदा बेपत्ता थप व्यक्ति जीवित पाइने आशा क्षीण

वासिङ्टन, २७ मार्च (सिन्ह्वा) । अमेरिकाको मेरिल्याण्ड सहरको बाल्टिमोरमा जहाजको ठक्करपछि पुल भत्किँदा बेपत्ता भएका छ जनाको मृत्यु भएको स्थानीय प्रशासनले जनाएको छ ।

दुर्घटना भएको १२ घण्टाभन्दा बढी भइसकेकोले बेपत्ता निर्माण श्रमिक पानीमा जीवित पाउने सम्भावना क्षीण रहेको भन्दै अमेरिकी सामुद्रिक सुरक्षा गार्डले खोजी र उद्धार कार्य स्थगित गरेको छ ।

पानीको तापक्रम अधिक चिसो रहेको र खराब सामुद्रिक मौसमबिचमा बेपत्ता व्यक्तिहरू जीवित भेटिने सम्भावना नरहेको रियर एडमिरल श्यानन गिलरेथले पत्रकार सम्मेलनमा बताउनुभयो ।

क्षतिग्रस्त २.६ किलोमिटर लामो इन्टरस्टेट-६९५ पुलमा पानीजहाजको सिङ्गापुरको ध्वजावाहक कन्टेनर जहाजले ठक्कर दिएपछि पुल मर्मतमा खटिएका करिब २० कामदार पानीमा फसेको प्रारम्भिक अनुमानमा गरिएको थियो ।

स्रोतका अनुसार दुर्घटनामा परि बेपत्ता भएका सबै व्यक्तिहरू सडक मर्मत सम्भारमा खटिएका कामदारहरू थिए ।

पाटापस्को नदीबाट यसअघि अन्य दुई जनालाई उद्धार गरिएको थियो, जसमध्ये एक जनाको अवस्था गम्भीर रहेको स्थानीय अधिकारीहरूले बताएका छन् ।

उक्त पुल सन् १९७७ मा यातायात सहजताको लागि निर्माण गरिएको र प्रत्येक वर्ष लगभग एक करोड १५ लाख सवारी साधनहरू यस पुलबाट आवतजावत गर्ने गरेको स्रोतले जनाएको छ ।

# चीनको औद्योगिक मुनाफामा १०.२ प्रतिशत वृद्धि

पेइचिङ, २७ मार्च (सिन्ह्वा) । चीनको प्रमुख औद्योगिक कम्पनीहरूको नाफा यस वर्षको पहिलो दुई महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १०.२ प्रतिशतले बढेको बुधबार सार्वजनिक 'नेसनल ब्युरो अफ स्ट्याटिस्टिक्स (एनबीएस)' को तथ्याङ्कले देखाएको छ । तथ्याङ्कले सन् २०२३ मा दर्ता भएको २.३ प्रतिशतको गिरावटलाई उल्टाएको एनबीएसले जनाएको छ ।

करिब दुई करोड युआन २० लाख ८२ हजार (अमेरिकी डलर) को मुख्य वार्षिक व्यापार राजस्व भएका औद्योगिक कम्पनीको यस अवधिमा संयुक्त नाफा नौ खर्ब १४ अर्ब ६० लाख युआन पुगेको जनाइएको छ ।

एनबीएसद्वारा अनुगमन गरिएका ४१ वटा औद्योगिक वर्गीकरणमध्ये २९ वटाको नाफामा वृद्धि भएको छ ।

उपकरण निर्माण क्षेत्रको नाफा जनवरीदेखि फेब्रुअरीको अवधिमा तीव्र गतिमा बढ्दै गएको तथ्याङ्कले देखाएको छ ।

यस क्षेत्रको संयुक्त मुनाफा वर्षमा २८.९ प्रतिशतले बढेको छ । जुन अघिल्लो वर्षको वृद्धि दरको तुलनामा २४.८ प्रतिशत बढी हो ।

यस वृद्धिले देशको औद्योगिक नाफामा ६.७ प्रतिशत योगदान गरेको छ । जसले उपकरण निर्माण क्षेत्रलाई सबैभन्दा ठुलो योगदानकर्ता बनाएको एनबीएसले जनाएको छ ।

देश र विदेश दुबै क्षेत्रबाट मागमा वृद्धि भएको उपभोग्य वस्तु निर्माण उद्योगका लागि नाफाले वर्षको पहिलो दुई महिनामा द्रूत तथा अपेक्षाकृत वृद्धि रेकर्ड गरेको छ ।

गत वर्ष दर्ता गरिएको १.१ प्रतिशतको गिरावटलाई उल्ट्याउँदै यस अवधिमा उद्योगको नाफा १२.९ प्रतिशतले बढेको हो ।

प्रमुख औद्योगिक उद्यमहरूको संयुक्त परिचालन राजस्व वर्षमा ४.५ प्रतिशतले वृद्धि भएको छ । जुन अघिल्लो वर्षको वार्षिक राजस्व वृद्धिको तुलनामा ३.४ प्रतिशतले बढी हो ।

# कर्णाली प्रदेश : शिक्षा र एसईई २०८० को एक झलक

जे.पी. तिमिल्सिना

कर्णाली प्रदेश सभ्यता, भाषा, संस्कृति र ऐतिहासिकताको उद्‌गमस्थल हो । नेपाली खस भाषा, विभिन्न जातजाति, भाषाभाषीको उद्‌गमस्थल कर्णाली हो । विश्वमै मानव सभ्यताको विकास तथा ठुला सहरहरूको विकास नदीहरूसँग जोडिएको छ । यथेन्स, मेसोपोटामिनिया, रोमन सभ्यता आदि सबै नदीसँग जोडिएका छन् । त्यस्तै, नेपालको पुरानो खस भाषा, सभ्यता, संस्कृति कर्णालीसँग जोडिएको छ । नेपाली भाषा संस्कृतिको उद्‌गमस्थल यस प्रदेशको जुम्ला जिल्लाको सिंजामा भएको हो । स्वास्थ्य, विकास, रोजगार तथा समग्र समृद्धिको दृष्टिले पछि भए तापनि प्राकृतिक साधन, स्रोत तथा सम्भावना धेरै राम्रो छ । भौगोलिकरूपमा ठुलो तर शिक्षा, स्वास्थ्य, विकासका पूर्वाधार, जनसङ्ख्या, रोजगार, प्रतिव्यक्ति आय, जनघनत्व आदिको दृष्टिले अन्य प्रदेशभन्दा केही कमजोर रहेको छ ।

नेपालका सातवटा प्रदेशहरूमा भौगोलिक हिसाबले सबैभन्दा ठुलो प्रदेश कर्णाली हो । पूर्वमा गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश, उत्तरमा चीनको तिब्बत र दक्षिणमा लुम्बिनी प्रदेशको बिचमा नेपालको कुल क्षेत्रफलको ३१.६ प्रतिशत समेटेको यो प्रदेशको क्षेत्रफल २७,९८४ वर्ग किमि (१०,८०५ वर्ग माइल) रहेको छ । नेपालको सबैभन्दा सुन्दर प्राकृतिक साधन र स्रोतले भरिपूर्ण, जल, जमिन, जङ्गल, जडिबुटीको धनी प्रदेश कर्णाली हो । खनिज तथा प्राकृतिक ग्यासको खानी भएको पर्यटन क्षेत्रमा असीमित सम्भावना बोकेको यस प्रदेशमा दस जिल्ला रहेका छन् । यो प्रदेशमा २५ वटा नगरपालिका, ५४ वटा गाउँपालिका गरेर ७९ वटा स्थानीय तहहरूमा ७१८ वटा वडा रहेका छन् । यसैगरी, यहाँ ५४ जातजाति, ३५ भाषाभाषी र १० धर्मावलम्बीको बसोबास रहेको यो प्रदेशको राजधानी वीरेन्द्रनगर हो ।

**कर्णाली प्रदेशको शैक्षिक अवस्था**

हरेक व्यक्तिको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गरी व्यक्ति, समाज र राष्ट्रको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका शिक्षाको हुन्छ । जहाँको शिक्षा राम्रो, स्तरीय र उन्नत, वैज्ञानिक तथा गुणस्तरीय छ, त्यहाँको स्वास्थ्य, कृषि, यातायात, कला, संस्कृति, प्रतिव्यक्ति आय, रोजगारलगायत समग्र पक्ष राम्रो हुन्छ । तर, कर्णाली प्रदेशको शैक्षिक अवस्थामा धेरै सुधारको आवश्यकता रहेको छ र परिवर्तनको पर्खाईमा छ ।

कर्णाली प्रदेशको वर्तमान शैक्षिक स्थिति शिक्षा मन्त्रालयको तथ्याङ्कअनुसार निम्नानुसार छ :-

**शिक्षण संस्थाहरूको विवरण**

बालविकास (ECD) सङ्ख्या :- २,७११
समुदाय सिकाइ केन्द्र :- २४१
साधारण स्कूल :- सामुदायिक :- ३,०१३
संस्थागत :- १८६



कक्षा १-१० प्राविधिक स्कूल :- १६
प्राविधिक शिक्षा (TSLC) :- ६७
प्राविधिक शिक्षा (Diploma) :- ११
क्याम्पस/कलेज :- ५६
मेडिकल कलेज :- १
विश्वविद्यालय :- १

**एसईई २०८० मा कर्णाली प्रदेश**

२०८० चैत १५ गते बिहीबारदेखि सञ्चालन हुन गइरहेको एसईईमा कर्णाली प्रदेशबाट छात्रतर्फ १७,६२३ र छात्रातर्फ १८,१५९ गरी कुल ३५,७८२ जना विद्यार्थीहरू सहभागी हुने भएका छन् । कर्णाली प्रदेशमा गत वर्ष छात्रछात्रा गरी ३८,९७० जना सहभागी भएका थिए ।

यो वर्षमा सञ्चालन हुन गइरहेको एसईई परिक्षाको जिल्लागत तथ्याङ्क शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेशका अनुसार हरेक जिल्लामा गत सालको भन्दा न्यून रहेको देखिन्छ । दसवटा जिल्लामा सबैभन्दा धेरै विद्यार्थी ३३ वटा परीक्षा केन्द्र भएको सुर्खेत जिल्लामा ८३४८ जना छन् भने सबैभन्दा कम विद्यार्थी भएको जिल्ला डोल्पामा ४ वटा परीक्षा केन्द्रमा ७३३ जना विद्यार्थी रहेका छन् । यसैगरी, दैलेखमा २५ परीक्षा केन्द्र र विद्यार्थी सङ्ख्या ५२५७, सल्यानमा २५ परीक्षा केन्द्र र विद्यार्थी सङ्ख्या ४५८२, रुकुम पश्चिममा २३ परीक्षा केन्द्र र विद्यार्थी सङ्ख्या ३५९३, जाजरकोटमा २२ परीक्षा केन्द्र र विद्यार्थी सङ्ख्या ४६९४, कालीकोटमा २४ परीक्षा केन्द्र र ३७३६ विद्यार्थी सङ्ख्या, मुगुमा ८ परीक्षा केन्द्र र विद्यार्थी सङ्ख्या १११३ र हुम्लामा ६ परीक्षा केन्द्र र विद्यार्थी सङ्ख्या ११९५ रहेका छन् ।

कर्णाली प्रदेशका सबै जिल्लामा गत वर्षभन्दा यो वर्ष विद्यार्थी कम किन भए ? एउटा प्रदेशमा एक वर्षमै ३ हजारभन्दा धेरै विद्यार्थी कम हुनु भनेको सोचनीय विषय हो । जनसङ्ख्यामा कमी भयो कि ? आन्तरिक तथा बाह्य बसाइँसराइ बढ्यो कि ? मृत्यु दरमा वृद्धि वा जन्मदरमा कमी भयो कि ? पढाइ बिचमै छोड्ने दर बढ्यो कि ? पढाइमा रुचि, चासो र चिन्ता तथा विश्वासमा कमी भयो कि ? शिक्षा व्यावहारिक जीवनसँग मेल खान सकेन कि ? शिक्षाले श्रम, उत्पादन, समृद्धि, खुसी र आनन्दलाई जोड्न सकेन कि ? शिक्षा वैज्ञानिक, मानवीय र दक्षतामुखी हुनसकेन कि ? विश्व परिवेश र परिस्थितिसँग मेल खान सकेन कि ? आदि प्रश्नहरूको उत्तर कसले खोज्ने हो ? यहाँका कैयौँ गाउँहरू खाली छन्, बस्तीहरू सुनसान छन्, खेतीयोग्य जमिनहरू बाँझै छन् । विगतमा हराभरा भएका गाउँ बस्तीमा यातायात, बिजुली, स्वास्थ्य सेवा, शिक्षालगायतका सुविधा पुग्दा पनि गाउँ घरमा किन खुसी, आनन्द सफलता र समृद्धि आउन सकेन । कतै हाम्रो शिक्षाले आत्मनिर्भर र स्वावलम्बी नागरिक बनाउने काम गर्नसकेन कि गम्भीररूपमा सोचेर विकल्पको खोजी गर्नुपर्ने देखिन्छ । गरिबी, कुपोषण, बाल मृत्यु, मातृमृत्यु दर धेरै भएको यस प्रदेशको शिक्षाले आमूल परिवर्तनको प्रतिक्षा गरिरहेको छ । शिक्षालाई सीप, सीपलाई श्रम, श्रमलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग जोड्ने शिक्षा नीतिको खाँचो छ । शिक्षाले कृषि, जल, जमिन, जडिबुटी, प्राकृतिक स्रोतसाधन, होटल व्यावसाय तथा पर्यटनलाई उकास्ने हुनुपर्छ । पढ्दै कमाउँदै गर्ने अथवा पढाइ, रोजगारी र आम्दानीलाई सँगै जोडेर अगाडि बढ्नुपर्ने देखिन्छ ।

कर्णाली प्रदेश उद्योगधन्दा, कलकारखाना तथा विकासका पूर्वाधारको हिसाबले धेरै पछाडि छ । यहाँका अधिकांश बासिन्दाहरू गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको व्यावस्थापन गर्न रोजीरोटीको लागि भारत, खाडी मुलुक, कोरिया, अस्ट्रेलिया, जापान, अमेरिका आदि देशमा पुगेका छन् । कृषिको सम्भावना कम भएको यस प्रदेशमा अझै परम्परागत कृषि खेतीले ५/६ महिनासम्मको लागि खाद्यान्न पुग्दैन । कृषिको सम्भावना कम भए पनि यो प्रदेशमा फलफुल खेती, जडिबुटी खेती, जलविद्युत् उत्पादन, खनिज पदार्थको उत्खनन, वन पैदावार, पर्यटन तथा होटल व्यवसायको विकासको सम्भावना धेरै राम्रो छ । यो प्रदेशको बेरोजगारी समस्या समाधान गरी आर्थिक स्तर बढाउन सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले संयुक्तरूपमा एकद्वार पद्धतिमा विकासमा अगाडि बढ्नुपर्ने देखिन्छ ।

# काठमाडौँ उपत्यकाका औद्योगिक क्षेत्र सार्ने योजना अलपत्र

*- हेमन्त जोशी*

काठमाडौँ । काठमाडौँ उपत्यकाभित्रका औद्यागिक क्षेत्र अन्यत्रै सार्ने वर्षौँअघिको योजना अलपत्र परेको छ । औद्योगिक क्षेत्र सार्ने सरकारको नीति र स्थानीयको माग भए पनि यसले मूर्तरूप लिन सकेको छैन ।

बालाजु, पाटन र भक्तपुरमा सञ्चालित औद्योगिक क्षेत्रहरूको जीर्ण पूर्वाधार संरचना, घना मानवबस्तीमा सुरक्षा जोखिम र प्रदूषणको असरलगायत कारण स्थानान्तरण गरिनुपर्ने आवाज उठ्दै आएको छ । तर, एकातर्फ सरकारको योजना कार्यान्वयनमा सुस्तता देखिएको छ भने अर्कोतर्फ उद्योगीहरू पनि स्थानान्तरण गर्दा सिर्जना हुनसक्ने समस्यामा सरकारको साथ खोजिरहेका छन् । यी क्षेत्रका उद्योगलाई कहाँ, कसरी र कहिले सार्ने टुङ्गो लाग्न सकेको छैन ।

पहिलोपटक आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमार्फत सरकारले उपत्यकाभित्रका उद्योगहरू सार्ने नीति सार्वजनिक गरेको थियो । उक्त आर्थिक वर्षको बजेटमा दुई वर्षभित्र काठमाडौँ उपत्यकामा रहेका औद्योगिक क्षेत्रलाई उपत्यका बाहिर स्थानान्तरण गर्ने व्यवस्था मिलाइने उल्लेख थियो । बालाजु, पाटन र भक्तपुर औद्योगिक क्षेत्रका उद्योगलाई हेटौँडाको मयुरधापमा सार्ने योजना सरकारको थियो । तर, मयुरधाप औद्योगिक क्षेत्र आफैँ बन्ने नबन्ने टुङ्गो नलाग्दा त्यहाँ उद्योग सार्ने योजना कार्यान्वयन हुन सकेन ।

केन्द्र सरकारको मात्र नभई प्रदेश सरकारले पनि उपत्यकाका उद्योगहरू सार्नका लागि सहजीकरण गर्ने नीति लिएको छ । वाग्मती प्रदेशको आर्थिक ऐन, २०७९ मा काठमाडौँ उपत्यकाभित्र रहेका उत्पादनमूलक उद्योगहरूले वाग्मती प्रदेशका अन्य जिल्लामा उद्योग स्थानान्तरण गरेमा उद्योगको नाममा जग्गा खरिद गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुट दिइने उल्लेख छ । वाग्मती प्रदेश सरकारको चालु आर्थिक वर्षको आर्थिक ऐनमा पनि यो व्यवस्था राखिएको छ । तर, उद्योगहरू आफैँ उपत्यका छोडेर जान नचाहँदा सरकारको नीतिको प्रभावकारिता उल्लेख्यरूपमा देखिन सकेको छैन ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका निमित्त महाप्रबन्धक राजेन्द्रप्रसाद कँडेल उपत्यकाभित्रका औद्योगिक क्षेत्र सार्ने तत्काल कुनै योजना नरहेको बताउनुहुन्छ । "केही समयअघि यो विषय आएको थियो । तर, अहिले नयाँ औद्योगिक क्षेत्र निर्माणबारे मात्रै हामीले सोचिरहेको छौँ । उपत्यकाका उद्योगलाई बाहिर सार्ने कुनै योजना छैन," उहाँले भन्नुभयो ।

बालाजु औद्योगिक क्षेत्रमा एक सय ३५ वटा उद्योग सञ्चालनमा छन् भने चारवटा निर्माणाधिन छन् । त्यसैगरी, पाटनमा एक सय ११ वटा उद्योग सञ्चालनमा र चार वटा निर्माणाधिन छन् । भक्तपुरमा ३८ वटा सञ्चालनमा र एउटा उद्योग निर्माणाधिन अवस्थामा रहेका छन् ।

मयुरधाप औद्योगिक क्षेत्र आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) अझै स्वीकृत हुन नसकेको र त्यहाँ औद्योगिक क्षेत्र बन्ने हो वा होइन भन्नेसमेत टुङ्गो नलागेको निमित्त महाप्रबन्धक कँडेल बताउनुहुन्छ ।

उपत्यकाका औद्योगिक क्षेत्र अन्यत्र सार्नका लागि उद्योगीहरू आफैँ पनि तयार छैनन् । उद्योग सार्ने क्रममा सिर्जना हुने दायित्वको बोझ उद्योगहरूले बोक्न चाहिरहेका छैनन् । कँडेलले रासससँग भन्नुभयो, "उद्योगीहरूको ठुलो लगानी भएको हुन्छ । स्थानान्तरण गर्दा हुने खर्चको क्षतिपूर्ति कसरी दिने भन्ने स्पष्ट भएन । एउटा उद्योग भत्काएर अन्यत्रै लैजानु सजिलो काम होइन । पहिले यो विषय बजेटमा आउँदा उद्योगीहरूबाट केही विरोध पनि आयो । तत्कालीन समयमा उनीहरूले उद्योग सार्दा लाग्ने लागतको क्षतिपूर्ति सरकारले दिन्छ वा उद्योगी आफैँले ब्यहोर्नुपर्छ भन्ने स्पष्टता खोजेका थिए । त्यसपछि सरकारको नीति तथा कार्यक्रम र बजेटमै यो विषय आउन छाड्यो ।"

उपत्यकाको घना बस्तीका बिचमा रहेका उद्योगबाट सिर्जित प्रदूषणको असर, दशकौँ पुराना संरचना जीर्ण अवस्थामा पुग्दासमेत मर्मतसम्भार नहुनु, उद्योगका लागि नविनतम प्रविधि जडान गर्न नसक्नुलगायतका कारण औद्योगिक क्षेत्र सार्नुपर्ने आवश्यकता महसुस सरकारले गरेको थियो । मुलुकको पहिलो औद्योगिक क्षेत्रका रूपमा रहेको बालाजु औद्योगिक क्षेत्र स्थापना भएको ६० वर्ष बित्यो । सरकारी निकायबाट त्यहाँ ४० भन्दा बढी औद्योगिक भवन, २० भन्दा बढी गोदाम, अन्य ग्यारेजसहितका २३ भन्दा बढी भवन बनाइएका छन् । निजी क्षेत्रबाट पनि संरचना बनाइएका छन् । त्यस्तै, विसं २०२० सालमै स्थापना भएको पाटन औद्योगिक क्षेत्र र विसं २०३६ सालमा स्थापना भएको भक्तपुर औद्योगिक क्षेत्रका पूर्वाधार संरचना जीर्ण बनिसकेका छन् ।

निमित्त महाप्रबन्धक कँडेल भन्नुहुन्छ, "स्थापनाकालमा औद्योगिक क्षेत्र वरिपरि बस्ती थिएनन्, तर अहिले बस्ती बसेका छन् । जसकारण वातावरणीय समस्याका विषयहरू पनि आएका छन् । न्यून वातावरण प्रदूषण हुने गरी कसरी व्यवस्थापन र सञ्चालन गर्न सकिन्छ भन्नेबारे औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले काम गरिरहेको छ ।"

काठमाडौँ उपत्यकाभित्रका औद्योगिक क्षेत्र स्थानान्तरण गर्ने वा नगर्ने र निश्चित प्रकृतिका उद्योगलाई मात्रै सार्नेबारे पनि बेला बेला बहस हुने गरेको छ । "यहाँका उत्पादनमूलक उद्योग सार्ने र सेवा क्षेत्र तथा सूचना प्रविधिका क्षेत्रका उद्योग मात्र त्यहाँ राख्ने भन्ने विषय पनि उठ्ने गरेका छन् । तर, फेरि कुनै समस्या आए अत्यावश्यक वस्तु तथा सेवा बाहिरबाट ल्याउन सकिँदैन भन्ने पनि छ । औद्योगिक क्षेत्र भनेको उद्योगहरूको लागि हो, सेवा क्षेत्रलाई किन दिने भन्ने पनि हुनसक्छ । यहाँभित्रका उद्योगहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर एकीकृत धारणा बन्नसकेको छैन," कँडेल भन्नुहुन्छ ।

उद्योगहरूको स्तरोन्नति तथा क्षमता वृद्धि गर्दा सहुलियत दिने नीति अहिले सरकारले लिएको भए पनि स्थानान्तरणका लागि भने कुनै योजना तथा कार्यक्रम नरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता गजेन्द्र कुमारका अनुसार नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने, उद्योगहरूलाई नयाँ प्रविधिका उपकरण जडानलगायतका काममा सहुलियत दिने नीति सरकारको रहेपनि स्थानान्तरण नै गर्नेबारे भने कुनै योजना छैन ।

बालाजु र पाटन औद्योगिक क्षेत्रका अधिकांश पूर्वाधार संरचना ६० वर्ष पुराना छन् । जीर्ण अवस्थामा पुगिसकेका भवन पुन:निर्माण गरिनुपर्ने वा उद्योगीहरूलाई नै बनाउन सरकारले अनुमति दिनुपर्ने माग उद्योगीहरूले राख्दै आएका छन् । जीर्ण भवनका कारण उद्योगका कामदारलाई सुरक्षा जोखिम छ ।

औद्योगिक फोहोर व्यवस्थापनको समस्या छ । ढल व्यवस्थापनका लागि पनि समस्या रहेको छ । धेरै वर्षअघि बनेका यी औद्योगिक क्षेत्रमा ढल व्यवस्थापनका लागि अब खाली जग्गा छैन । धुवाँ निस्किने उद्योगहरूमा अलिकति धुवाँ आउने बित्तिकै स्थानीयहरूले गुनासो गर्ने गरेका छन् । विद्युत्, पानीलगायतका पूर्वाधारहरू पनि जीर्ण अवस्थामा छन् । जीर्ण अवस्थामा रहेका पूर्वाधारहरूलाई मर्मतसम्भार गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग पर्याप्त स्रोतसाधन नरहेको निमित्त महाप्रबन्धक कँडेल बताउनुहुन्छ ।

"नयाँ संरचना निर्माण र मर्मतसम्भारका लागि हामीसँग भएको स्रोत साधनले भ्याउँदैन । भाडा पर्याप्त छैन । सरकारको स्रोतमा भरपर्नुपर्ने हुन्छ । आफ्नै आम्दानीले पूर्वाधार मर्मतसम्भार गर्नसक्ने अवस्थामा हामी छैनौँ," उहाँले भन्नुभयो ।

यी औद्योगिक क्षेत्रको भाडा समायोजनसम्बन्धी विवाद पनि लामो समयदेखि सुल्झिन सकेको छैन । अहिले यो विषय अदालतसम्म पुगेको छ । हरेक पाँच वर्षमा भाडा समायोजन गर्ने प्रावधानअनुसार औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले गत वर्ष भाडा बढाउने निर्णय गरेको थियो । तर, उद्योगीहरूले त्यसको विरोध गरे । उच्च अदालत पाटनबाट लिमिटेडको पक्षमा फैसला भएको र अदालतको आदेशको पूर्णपाठ आएपछि भाडा निर्धारणसम्बन्धी प्रक्रिया अघि बढाइने कँडेलले बताउनुभयो ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड सञ्चालक समिति सदस्य तथा नेपाल औद्योगिक क्षेत्र उद्योग महासङ्घका अध्यक्ष रामहिरा पाठक पनि उपत्यकाका औद्योगिक क्षेत्रका संरचना जीर्ण बन्दै गएको र यसको पुन:निर्माण आवश्यक रहेको बताउनुहुन्छ । पाठक भन्नुहुन्छ, "६० वर्षअघि परिकल्पना गरिएका औद्योगिक क्षेत्रका संरचनाहरू जीर्ण बनिसकेका छन् । केही धरापको अवस्थामा छन् भने कतिपय संरचना पुरानो प्रविधिका लागि मात्र उपलब्ध छन् । आधुनिक प्रविधिको मेसिन राख्नका लागि उपलब्ध छैन । जीर्ण र काम नलाग्ने बनिसकेको पूर्वाधार संरचनालाई कि सरकारले बनाउनुपर्छ कि त उद्योगीहरूलाई नै बनाउन दिनुपर्छ ।" केही उद्योगका पुराना प्रविधिका मेसिनहरू अहिले काम नलाग्ने र नयाँ प्रविधिले प्रतिस्थापन भइसकेका छन्, तर तिनको व्यवस्थापन हुन नसकेको उहाँ बताउनुहुन्छ । उहाँले उपत्यकाका उद्योगहरूलाई बाहिर सार्ने भनेर बजेटमा आएको विषयमा उद्योगीहरूसँग सल्लाह नभएको बताउनुहुन्छ ।

पाठक भन्नुहुन्छ, "उद्योग भनेको एकपल्ट लगाइसकेपछि आजीवन त्यहाँ हुन्छ भन्ने मान्यता छ । डेराजस्तो सारिरहन सकिँदैन । यदि अन्यत्र सार्ने नै हो भने त्यसपछि सर्न नपर्ने भन्ने स्पष्टता चाहिन्छ । भोलि त्यहाँ पनि बस्ती बस्दैन भन्ने सुनिश्चितता सरकारले गर्नुपर्छ । वातावरण प्रदूषण बढी भयो र जनघनत्व बढी भएका ठाउँमा उद्योगहरू सञ्चालन गर्नु चुनौतीपूर्ण हुन्छ भन्ने तर्क सुनिन थालेका छन् । तर, सरेर जाने ठाउँमा ती समस्या आउँदैनन् भन्ने कुराको सुनिश्चितता के छ ?"

औद्योगिक क्षेत्र सार्दा केही उद्योगहरू सार्न सक्ने अवस्था रहे पनि सबै उद्योगलाई भने बाहिर सार्नै नसकिने तर्क पाठकको छ । पाटन औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेका काष्ठकला, धातु तथा मूर्तिकलासँग सम्बन्धित उद्योगहरूको उदाहरण दिँदै पाठकले ती उद्योगहरू बाहिर सार्ने हो भने अस्तित्त्व नै सकिने दाबी गर्नुहुन्छ । त्यस्तै, उद्योगहरू सार्नका लागि लामो समय चाहिने भएकोले सार्ने अवधिभरको आर्थिक दायित्व कसरी व्यहोर्ने भन्ने पनि समस्या रहेको उहाँ बताउनुहुन्छ ।

"हामीले उत्पादित वस्तु ग्राहकसम्म पुऱ्याउने भनेर सम्झौता गरेका हुन्छौँ । यदि त्यो पुऱ्याउन सकिएन भने हामीलाई मात्र होइन बजारलाई पनि समस्या हुन्छ । विदेशबाट वस्तु आयात गरेर त्यसको माग पूर्ति गर्नुपर्ने अवस्था आउँछ," उहाँले भन्नुभयो ।

भूकम्प, नाकाबन्दी, कोभिड-१९ महामारीलगायतका कारण समस्यामा परेको उद्योगहरू अहिले बिस्तारै तङ्ग्रिने क्रममा रहेको पनि उहाँले बताउनुभयो । यद्यपि, अस्थिर राजनीतिका कारण अझै अनेकौँ समस्या भोगिरहेको पाठक बताउनुहुन्छ ।

"राजनीतिक उथलपुथल धेरै भयो । करका दरमा, बैङ्कका ब्याजदरमा स्थिरता देखिँदैन । सरकार परिवर्तन हुँदा नीति पनि परिवर्तन हुने अवस्था छ । एउटा निश्चित नीति बनाएर जानुपर्छ," उहाँले भन्नुभयो । कुनै उद्योगी व्यवसायीले गरेको खराब कामका कारण समग्र निजी क्षेत्रलाई नै खराब भन्न नहुने पनि पाठक बताउनुहुन्छ । ***रासस***

# नगर प्रमुख प्रजापतिद्वारा धलाँखुसि फल्चा (पाटी) शिलान्यास

भक्तपुर, १४ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित धलाँखुसि फल्चा (पाटी) को बुधबार एक कार्यक्रमबिच शिलान्यास गर्नुभएको छ ।

कार्यक्रममा उहाँले सम्पदा भनेको देशको सम्पत्ति र पहिचान भएको हुँदा सम्पदा संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

भक्तपुर नपाले हालसम्म १४५ वटाभन्दा बढी सम्पदाहरू पुनःनिर्माण सम्पन्न गरिसकेको उल्लेख गर्दै उहाँले सम्पदा पुनःनिर्माणमा उपभोक्ता समितिमार्फत जनसहभागिता र जनश्रमदानबाट काम हुनु नै भक्तपुरको विशेषताको रूपमा रहेको बताउनुभयो ।

भक्तपुरको विकास जनता आफैंले गरेको बताउँदै उहाँले यहाँका मूर्त र अमूर्त सम्पदाहरूका कारण भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा पनि विकास हुँदै गइरहेको धारणा राख्नुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको बताउँदै उहाँले नगरमा खानेपानी समस्या समाधानको लागि ठाउँ ठाउँमा जग्गा खरिद गर्दै बोरिङ कार्यलाई अगाडि बढाउँदै आएको बताउनुभयो ।

कुनै पनि सम्पदा निर्माण हुनु आफैँमा गौरवको विषय भएको तर ती सम्पदाहरूको नियमित मर्मत सम्भार गर्नुपर्नेमा उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडाको विकास निर्माण र आगामी योजनामाथि प्रस्ट पार्दै नगरवासीहरूको साथ र सहयोगले वडाको कामले तीव्रता पाइरहेको बताउनुभयो ।

समाजसेवी कृष्णबहादुर दुगुजुले भक्तपुरका खानेपानीका स्रोतहरू सुक्दै गएकोले नयाँ स्रोतको खोजी गर्नुपर्ने बताउँदै भक्तपुरका निर्वाचित जनप्रतिनिधिले घोषणापत्रअनुसार काम गर्दै आइरहेको स्पष्ट पार्नुभयो ।

गुठियार सूर्यभक्त चौगुठीले पाटी पुनःनिर्माण कार्यमा वडा समिति, उपभोक्ता समिति र भक्तपुर नपाले आवश्यक सहयोग र समन्वयमा सहजता प्रदान गर्नुपर्ने बताउनुभयो ।

# चिनियाँ राष्ट्राध्यक्ष तथा श्रीलङ्काका प्रधानमन्त्रीबिच भेटघाट

मार्च २७ मा चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले पेइचिङस्थित जनबृहत् सभाभवनमा चीनको भ्रमणमा आउनुभएका श्रीलङ्काका प्रधानमन्त्री दिनेश गुणवर्दनासँग भेटघाट गर्नुभएको छ ।



चिनियाँ राष्ट्राध्यक्ष सीले चीन र श्रीलङ्काबिचको मित्रताको लामो इतिहास रहँदै आएको चर्चा गर्दै आपसी सम्बन्धलाई सुदृढ र विकसित गर्नु नै दुई देशका जनताका आधारभूत हित र साझा अपेक्षासँग अनुकूल भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "स्वतन्त्रता, आत्मनिर्भरता, ऐक्यबद्धता र पारस्परिक सहयोग भन्ने राइस एन्ड रबर सम्झौताको भावनालाई अगाडि बढाउँदै राजनीतिक पारस्परिक विश्वास तथा शासन अनुभवको आदानप्रदानलाई सुदृढ पार्ने, वस्तुगत सहयोगलाई विस्तार गर्ने, उच्च गुणस्तरको बेल्ट एन्ड रोड सहयोगलाई अघि बढाउने र पुस्तौंदेखि रहिरहेको इमानदार पारस्परिक सहयोग र मित्रताको रणनीतिक सहयोगात्मक साझेदारी सम्बन्धलाई अझ प्रगाढ बनाउने इच्छा चीनले लिएको छ ।"

श्रीलङ्काको राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय गौरवको रक्षा गर्न, आफ्नो राष्ट्रिय अवस्थाअनुकूल आधुनिकीकरणको मार्ग पहिल्याउने क्षेत्रमा चीनले दृढताका साथ समर्थन दिँदै जानेछ । श्रीलङ्काको आर्थिक तथा सामाजिक विकासमा आफ्नो क्षमताले भ्याएसम्म चीनले सहयोग जारी राख्ने कुरामा पनि राष्ट्राध्यक्ष सी चिनफिङले जोड दिनुभयो । उहाँले भन्नुभयो, "दुवै पक्षले अन्तर्राष्ट्रिय र क्षेत्रीय मामिलामा आपसी समन्वयलाई मजबुत बनाउने, चीन र श्रीलङ्काको साझा हित तथा अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायको रक्षा गर्ने र मानव जातिको संयुक्त भाग्य समुदायको निर्माणलाई बढाउनुपर्दछ ।"

श्रीलङ्काका प्रधानमन्त्री दिनेश गुणावर्दनाले आपसी सम्बन्धबारे चर्चा गर्दै श्रीलङ्का र चीनबिच परम्परागत मित्रता रहिरहेको र श्रीलङ्काले स्पष्टरूपमा एक चीन भन्ने सिद्धान्तको पालना गरेको बताउनुभयो । आफ्नो वैदेशिक सम्बन्धमा चीनलाई सधैँ प्राथमिकताको स्थानमा राख्ने भन्दै उहाँले कोलम्बो पोर्ट सिटी र हम्बनटोटा मिश्रित विकास परियोजनाजस्ता कामबाट श्रीलङ्काको आर्थिक र सामाजिक विकासलाई ठूलो मात्रामा माथि उकासिएको र यस क्षेत्रको समग्र विकासमा पनि योगदान पुऱ्याइएको बताउनुभयो ।

बेल्ट एन्ड रोड अवधारणालाई अगाडि बढाउन, अर्थतन्त्र र व्यापार, शिक्षा, पर्यटन र गरिबी निवारणको क्षेत्रमा हुने सहयोगलाई विस्तार गर्न, अन्तर्राष्ट्रिय बहुपक्षीय सम्पर्क र सहयोगलाई सुदृढ पार्न र एसिया संयुक्त भाग्य समुदाय तथा मानवजातिको संयुक्त भाग्य समुदायको निर्माण गर्न चीनसँग काम गर्न श्रीलङ्का तयार भएको पनि उहाँले बताउनुभयो ।

*आजदेखि...*

**परीक्षा दिने पाँच लाख बढी**

बोर्डले चैत १५ गतेदेखि सुरु हुने परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कुल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी हुने कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसईई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो ।

परीक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार बाँके, चितवन, दाङ, गोरखा, इलाम, खोटाङ, सुर्खेतबाट एक/एक, पर्सा र सप्तरीबाट दुई/दुई, रूपन्देहीबाट चार जना छन् ।

परीक्षाका लागि कार्यालयले दुई हजार ६४ परीक्षा केन्द्र निर्धारण गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा कम मनाङ, मुस्ताङमा एक/एक र सबैभन्दा बढी काठमाडौँमा एक सय २७ परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

**जापानमा एक परीक्षा केन्द्र**

यस वर्षको एसईई परीक्षामा जापानबाट २३ जना सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले बताउनुभयो । उहाँका अनुसार जापानमा रहेको एभरेस्ट स्कूलमा एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिने भएका छन् ।

**प्रश्न पत्र र उत्तरपुस्तिका जिल्लाजिल्लामा**

परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र र उत्तर पुस्तिकालगायतका सम्पूर्ण सामग्री बोर्डले सम्बन्धित जिल्ला पुऱ्याएको छ । बोर्डले यस वर्ष पाँच लाख प्रश्नपत्र छापेको जनाएको छ ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७७ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको जानकारी दिनुभयो ।

जापानको परीक्षा केन्द्रको जापानस्थित नेपाली दूतावासले परीक्षाको अनुगमन गर्ने भएको छ । जापानमा केन्द्र रहेको स्कूलको प्रिन्सिपललाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ । हुलाकमार्फतमा उत्तर पुस्तिका पठाइएको जापानमा परीक्षा सुरु हुनुअगाडि इमेलमार्फत प्रश्नपत्र पठाइने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो ।

**परीक्षाका लागि खटिँदै जनशक्ति**

बोर्डका अनुसार एसईई परीक्षाका लागि प्रत्यक्षरूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन हुने भएका छन् । प्रतिकेन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटाइनेछ । देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । त्यस्तै एक सय ५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार एक सय २८ जना सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार दुई सय २२ निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो ।

त्यसैगरी एक सय परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ परीक्षा सहायक खटाइनेछ भने ५० परीक्षार्थी बराबर एक जनाका दरले १० हजार ८१ कार्यालय सहयोगी खटाइने भएको छ । प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार नौ सय ६० सुरक्षाकर्मी परिचालन गरिने छ ।

**परीक्षा उत्तीर्ण हुन ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका २०७८' जारी गरे पनि कार्यान्वयनमा आउन सकेको थिएन । यस वर्षको परीक्षामा भने बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका २०७८' लागू गरेको छ ।

विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने प्रावधान रहेकामा बोर्डले यस वर्ष पहिलो पटक निर्देशिका कार्यान्वयनमा ल्याएसँगै एसईई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने भएको छ ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अङ्क र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने बताउँदै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनुपर्ने जानकारी दिनुभयो ।

परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने प्रावधान रहेको बताउनुभयो । उहाँका अनुसार ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् ।

*रासस*

*क्षयरोगलाई...*

ख्वप अस्पतालको निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले क्षयरोग जनस्वास्थ्यको प्रमुख समस्याको रूपमा रहेको बताउँदै क्षयरोगीहरूको मनोबल बलियो बनाउन क्षयरोगबारे जनचेतनाको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका क्षयरोगका स्रोतव्यक्ति भोलानाथ पौडेलले प्रत्येक वर्ष मार्च २४ मा विश्व क्षयरोग दिवस मनाउनुको उद्देश्यमाथि प्रस्ट पार्दै क्षयरोगको परिचय र वर्तमान अवस्थाबारे प्रस्तुतीकरण दिनुभयो । नेपालमा क्षयरोगीहरूको तथ्याङ्क अझ भयावह अवस्थामा रहेको उल्लेख गर्दै उहाँले सन् २०५० सम्ममा क्षयरोगलाई अन्त्य गर्ने लक्ष्य रहेको बताउनुभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अस्मिता ओझा र ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले क्षयरोग सरुवा रोग भए पनि यसको उपचार सम्भव भएको बताउँदै क्षयरोग सर्ने माध्यम, जोखिम र उपचारबारे प्रस्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य र विभिन्न स्वास्थ्य केन्द्रमा कार्यरत क्षयरोगसम्बन्धी स्वास्थ्यकर्मीहरूको उपस्थिति थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**ख्वप अस्पताल**
च्याम्हासिंह, भक्तपुर, फोन नं. ०१-६६१०३१७

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/१२/१५)

यस ख्वप अस्पतालबाट वितरण प्रयोजनको लागि औषधि तथा औषधिजन्य मालसामानहरू खरिदका लागि इच्छुक मु.अ.कर (VAT)/ प्यानमा दर्ता भएका इजाजत प्राप्त फर्म/कम्पनीहरूले मिति २०८०/१२/२९ गते १२:०० बजे भित्र कार्यालयमा शिलबन्दी दरभाउपत्र खरिद गरी दर्ता गराउनुहुन शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । शिलबन्दी दरभाउपत्रसम्बन्धी नियमहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसमेत) तथा प्रचलित कानुनअनुसार हुनेछ ।

**तपसिल :**

| क्र.स. | शिलबन्दी दरभाउपत्र नं. | सामानको नाम | धरौटि रकम(रु.) | शिलबन्दी दरभाउपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | 1- 80/81(SQ) | Supply and Delivery of Medicine and Surgical Items | ५०,०००/- | १,०००/- |

**अन्य विस्तृत जानकारीको लागि यस अस्पतालमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**ख्वप अस्पताल**
च्याम्हासिंह, भक्तपुर

**आवश्यकतासम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित: २०८० चैत १५ गते)

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि निम्नलिखित पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव आदि प्रमाणपत्रहरुको प्रतिलिपिहरू र हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटोसहित अस्पतालबाट प्राप्त आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र ***अस्पताल प्रशासनमा*** दर्खास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी आएको आवेदन उपर कुनै कार्वाही हुने छैन । यस अघि दर्खास्त दिने आवेदकहरूले समेत यस सूचनाअनुसार पुनः दर्खास्त पेस गर्न जानकारी गराइन्छ ।

| विज्ञापन नं | पद | स्तर/तह | आवश्यक सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | उमेर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०८/०८०/८१ | ल्याब टेक्निसियन | सहायक स्तर, पाँचौं तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Certificate Level in Medical Laboratory Technology वा सो सरहको उपाधी हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | ४००/- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | |

**पुनश्च :**
○ दर्खास्त फारम : रु. १०० तिरी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
○ फारम लिने र बुझाउने समय : बिदाको दिनबाहेक अन्य दिन १०:०० बजेदेखि ४:०० बजेसम्म

विस्तृत जानकारीको लागि
**ख्वप अस्पताल, प्रशासन शाखा**
*Email address: khwopahospital78@gmail.com*
फोन नं. ०१-६६१३१४६, ६६२०३७४

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा